गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

# स्थानीय राजपत्र

## कैलारी गाउँपालिद्वारा प्रकाशित

खण्ड : २ संख्या : २ मिति : २०८२/१२/१०

भाग - १

सुदूरपश्चिम प्रदेश, कैलारी गाउँपालिका, हसुलिया, कैलाली

## कैलारी गाउँपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी एकिकृत कार्यविधि, २०८२

प्रमाणिकरण मितिः२०८२/१२/१०

प्रस्तावना

बालबालिकाको हक, हित र अधिकारको संरक्षण, सम्मान, सम्वर्धन, प्रवर्धन, प्रचलन तथा परिपूर्तिका लागि नेपालको संविधान तथा बालबालिकाको अधिकार सम्बन्धी कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्ने लगायत उनीहरुको सर्वोत्तम हितको सुनिश्चितत गरी बालमैत्री स्थानीय शासनको प्रवर्धन गर्न एकीकृत कार्यविधि निर्माण गर्न वाञ्छनीय 'भएकोले, नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन, २०७५, सुदूरपश्चिम प्रदेशको 'प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी कैलारी गाउँपालिकाले यो एकीकृत कार्यविधि २०८२ जारी गरेको छ।

### परिच्छेद १

### प्रारम्भ

संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "कैलारी गाँउपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्वन्धी एकीकृत कार्यविधि, २०८२" रहेकोछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

CamScanner

(३) परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अध्यक्ष" भन्नाले कैलारी गाउँ पालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ख) "अनाथ बालबालिका" भन्नाले प्रचलित कानून बमोजिमका अनाथ बालबालिका सम्झनुपर्छ ।

(ग) "अभिभावक शिक्षा" भन्नाले प्रारम्भिक उमेर समुहका शिशु बालबालिकाको सर्वाङ्गीण विकासमा संलग्न आमा,बाबु तथा स्याहारकर्ताको ज्ञानसीप र व्यवहार विकास गर्ने शिक्षा सम्झनु पर्दछ ।

(घ) "उपाध्यक्ष" भन्नाले कैलारी गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(ङ) "ऐन" भन्नाले सघीय बालबालिका सम्बन्धी ऐन, २०७५ भन्ने सम्झनुपर्छ।

(च) "कार्यविधि" भन्नाले गाउँपालिकाको बालअधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८२ सम्झनु पर्दछ ।

(छ) "गाउँपालिका" भन्नाले कैलारी गाउँपालिका सम्झनुपर्दछ ।

(ज) "नगरक्षेत्र" भन्नाले कैलारी गाउँपालिकाको शहरी तथा मुख्य बजार क्षेत्रलाइ सम्झनुपर्छ।

(झ) "नियमावली" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनुपर्छ।

(ञ) "परिषद" भन्नाले ऐनको दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनुपर्छ।

(ट) "पालिका" भन्नाले कैलारी गाँउपालिका सम्झनुपर्छ।

(ठ) "प्रदेश ऐन" भन्नाले सुदूरपश्चिम प्रदेशको 'प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७७ सम्झनुपर्छ।

(ड) "प्रारम्भिक बाल विकास सेवा" भन्नाले बालविकास उमेर सुहाउँदो कार्यक्रम सञ्चालन हुने सेवा केन्द्रलाई बुझ्नुपर्दछ । सो शब्दले १ देखि ५ वर्ष उमेरका बालबालिकाको सर्वाङ्गीण विकास र तत्परताको लागी संचालीत सेवा बुझ्नुपर्दछ ।

(ढ) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनुपर्छ।

(ण) "बाल विकास केन्द्र" भन्नाले प्रारम्भिक बाल विकास केन्द्र र शिशु स्याहार केन्द्र दुबैलाई सम्झनुपर्दछ ।

(त) "बालगृह" भन्नाले ऐनको दफा ५२ र नियमावलीको नियम ६२ बमोजिम स्थापना भएको वा सञ्चालनमा रहेको र ऐनकै दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवा प्रदान गर्ने गाउँपालिकाभित्र सञ्चालनमा रहेका संस्था सम्झनुपर्छ।

(थ) "बालकोष" भन्नाले विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि ऐनको दफा ६३ बमोजिम गाउँपालिकामा स्थापना गरिएको बाल कोष सम्झनुपर्छ।

(द) "बाल क्लब वा संस्था " भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि अठार वर्षपूरा नगरेका बालबालिकाले ऐनको दफा १० तथा नियमावलीको नियम ३ मा व्यवस्था भए



राज समझ्झ चौधरी
गा. अध्यक्ष

CamScanner

अनुसार वडा तथा गाउँपालिकामा सूचीकृत भएका १८ वर्ष भन्दा कम उमेरका बालबालिकाको संस्था सम्झनु पर्छ ।

(ध) "बालसञ्जाल" भन्नाले बाल क्लब वा बाल संस्थाहरुको सञ्जालको रुपमा गाउँपालिकामा दर्ता भएको सञ्जाल सम्झनुपर्छ ।

(न) "बाल कल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ बमोजिम गाउँपालिकामा नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनुपर्छ ।

(न) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका गाउँपालिका भित्रका बालबालिका सम्झनुपर्छ ।

(प) "विशेष हेरचार" भन्नाले शारिरीकरुपमा अशक्त तथा अनाथ वालवालिकालाइ गरिने हेरचाह मानिनेछ ।

(फ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्छ।

(ब) "समाजसेवी तथा बालमनोविज्ञ" भन्नाले ऐनको दफा ६२ बमोजिम गाउँपालिकामा सूचीकृत भएका वा सूचीकृत भइ नियुक्त भएका व्यक्ति सम्झनुपर्छ ।

(भ) "समिति" भन्नाले गाउँ बाल अधिकार समिति सम्झनु पर्छ ।

(म) "संस्था" भन्नाले बाल अधिकार संरक्षण, सम्बर्द्धन तथा प्रवर्धनका लागि प्रचलित कानून बमोजिम दर्ता भई गाउँपालिकाभित्र बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका संघ/संस्था, संगठन, सञ्जाल तथा सामुदायिक संस्था सम्झनुपर्छ ।

(य) "सेवा प्रदायक निकाय" भन्नाले गाउँपालिकामा बालबालिका सम्बन्धी सेवा प्रवाह गरिरहेका सरकारी निकाय, गैरसरकारी संघ संस्था, नीजि क्षेत्र, विद्यालय, श्रोत केन्द्र, प्रहरी चौकी, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र, बाल गृह, बाल सुधार गृह, बालबालिका खोजतलास सेवा र बाल हेल्पलाइन सेवा जस्ता सेवा प्रदान गर्ने निकाय तथा संस्था सम्झनुपर्छ ।

(र) "संरक्षक शिक्षक" भन्नाले विद्यालयमा बाल क्लब वा संस्थालाई सहयोग तथा सहजीकरण गर्न तोकिएको शिक्षकलाई जनाउनेछ ।

(ऱ) "स्थानीय व्यवस्थापन समिति" भन्नाले प्रारम्भिक बाल विकास केन्द्र एवम् शिशू स्याहार केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि प्रत्येक वडामा रहने व्यवस्थापन समिति सम्झनुपर्दछ ।

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

परिच्छेद-२

## बालबालिकाको अधिकारको संरक्षण सम्बन्धी व्यवस्था

१. पोषण तथा स्वास्थ्यको अधिकार- (१) कैलाली गाउँपालिकाले गाउँपालिका भित्रका सबै बालबालिकालाई तोकिए बमोजिमका खोपहरुको अनिवार्य व्यवस्था गरिनेछ ।विवरण यकिन गर्न सोको लागी लगत सकलन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खोपहरुको व्यवस्थाका लागि गाउँपालिकाले सबै वडामा खोपको प्रकार र लगाउनुपर्ने तालिकाहरु उल्लेख गरी जानकारी बोर्डको व्यवस्था गर्नेछ ।

(३) गाउँपालिका भित्रका बालबालिकाको खण्डिकृत सूचना व्यवस्थापन गरी खोप लगाएका वा नलगाएका बालबालिको पहिचान गरिनेछ ।

(४) तालिका बमोजिम खोप नलगाएका बालबालिकालाई वडा कार्यालयहरुमार्फत खोपको लागि पारिवारिक परामर्श तथा सहजीकरण गरिनेछ ।

(५) गाउँपालिका भित्रका बालबालिकाको पोषणको अवस्थाको बारेमा वडा कार्यालयहरुमार्फत प्रत्येक ६/६ महिनामा तथ्याङ्क तथा जानकारी संकलन र अद्यावधिक गर्नेछ ।

(६) पोषण नपुगेका बालबालिकालाई उचित पोषणको व्यवस्थाका लागि आवश्यकता अनुसार गाउँपालिकाले पारिवारिक परामर्श, पारिवारिक सहयोग तथा पोषण सामग्री सहयोग गर्नेछ ।

२. सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन - (१) गाउँपालिकाभित्र रहेका सडक बालबालिका उद्धार गरी बालबालिकाको प्रकृति अनुसार संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

(२) गाउँपालिकाले नगर प्रहरी वा सम्बन्धीत शाखा लाई परिचालन गरी गाउँपालिकाका भित्र रहेका सडक बालबालिकाको बस्ने वा बस्न सक्ने सम्भावित स्थान तथा क्षेत्रहरूको पहिचान तथा नक्शाङ्कन र अनुमानित सडक बालबालिकाको पहिचान तथा संख्या यकिन गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको स्थान तथा बालबालिकाको पहिचान भए पश्चात परिषद् एवम् बालबालिका खोजतलास सेवासँगको समन्वय र सहकार्यमा सडक बालबालिकालाई बालमैत्री ढंगमा उद्धार गर्नेछ ।

(४) उद्धार गरिएका सडक बालबालिकालाई यस कार्यविधिको परिच्छेद-५ बमोजिम सूचीकृत अस्थायी संरक्षण सेवा केन्द्रमा सरक्षण व्यवस्थापन गरिनेछ ।

(५) सडक बालबालिका मुक्त गाउँपालिका निर्माणका लागि रेकी, अनुगमन तथा उद्धार कार्य नियमित रुपमा सञ्चालन गरिनेछ ।

(६) अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका बालबालिका र परिवारको अवस्था लेखाजोखा गरी उपयुक्त ठहरिएका बालबालिकालाई परिवारमा पुनर्मिलन गरिनेछ।



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

गाउँकार्यपालिकाको कार्यालय
ढुङ्गलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

(७) परिवारमा पुनर्मिलन हुन नसकेका बालबालिकालाई एन बमोजिम वैकल्पिक हेरचाहको व्यवस्था गरिनेछ।

(८) परिवारमा पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापना भएका बालबालिकाको कम्तीमा दुई वर्षसम्म छ/छ महिनाको अन्तरमा नियमित आवधिक अनुगमन गरी सोको प्रतिवेदन समिति र परिषद्लाई उपलब्ध गराइनेछ ।

३. <u>बालश्रमको रोकथाम र निषेध</u> - (१) गाउँपालिकालाई बालश्रम मुक्त बनाउनका लागि स्थानीय बाल अधिकार समितिले बालश्रम मुक्त गाउंपालिका अभियान सञ्चालन गर्नेछ ।सोको घोषणा गर्न गाउं पालिकालाइ शिफारिस गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको अभियानका लागि गाउँपालिकाभित्र होटल, घर, रेस्टुरेन्ट, कारखाना, उद्योग, सार्वजनिक स्थान, सडक लगायतका क्षेत्रका यदी कसैले कानूनले तोकेको मापदण्ड विपरित बालश्रम प्रयोग गरिरहेको भए यस्ता कार्यहरु तत्काल रोक्न र त्यस्ता बालबालिकालाई सम्बन्धित परिवारमा नै पुनर्मिलन गराउन एकपटक ३० दिनको सार्वजनिक सूचना जारी गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचनाको अवधि समाप्त भए पश्चात देहायका प्रकृयाहरु अपनाई बालश्रममा रहेका बालबालिकाको उद्धार गर्नुपर्नेछः-

(क) गाउँपालिका क्षेत्रमा भएका बालश्रम रहेका क्षेत्रको पहिचानका लागि नगरप्रहरीलाई वालसरक्षण अधिकारीको समन्वयमा परिचालन गरी रेकी गर्ने

(ख) रेकीबाट पहिचान भएका बालश्रमयुक्त क्षेत्रहरुको नक्साङ्कन गरी त्यस्ता क्षेत्रहरुमा बालबालिका रहेको भए त्यस्ता बालबालिकाको संख्या पहिचान गर्ने ।

(ग) पहिचान भएका बालबालिकालाई उद्धार गर्नका लागि श्रम कार्यालयसँग समन्वय गर्ने ।

(घ) उद्धार कार्य गर्नुपूर्व उद्धार पश्चात बालबालिकालाई राख्ने गाउँपालिका सूचीकृत अस्थायी संरक्षण सेवासँग समन्वय गर्नुपर्नेछ ।

(ङ) श्रम कार्यालयको नेतृत्वमा स्थानीय बाल अधिकार समिति, बालबालिका खोजतलास सेवा (१०४) तथा स्थानीय प्रहरीको अनिवार्य संलग्नतामा त्यस्ता बालबालिकाको उद्धार गर्ने

(च) उद्धार गरिएका बालबालिकालाई यस कार्यविधि बमोजिम सूचीकृत अस्थायी संरक्षण सेवामा संरक्षण गर्ने र

(छ) पारिवारिक खोजी तथा लेखाजोखा गरी पारिवारिक पुनर्मिलन गर्ने वा परिवारमा पुनर्मिलन हुन नसकेमा वैकल्पिक हेरचाहको व्यवस्था गर्ने

(४) अनुगमन टोलीले गाउँपालिकाभित्रका क्षेत्रहरुमा बालश्रम रहे नरहेको भन्ने विषयमा त्रैमासिक रुपमा अनुगमन सझाव सहितको प्रतिवेदन गर्नुपर्नेछ ।

(५) गाउँपालिकाले बालश्रम निवारणका लागि निजी क्षेत्रको सामाजिक उत्तरदायीत्व सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ ।



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

CamScanner

(६) सडकमा जोखिमपूर्ण अवस्थामा वस्तु विनिमयमा संलग्न तथा माग्ने बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

(७) गाउँपालिकाभित्र सञ्चालित प्रत्येक होटल, रेस्टुरेन्ट, कारखाना, उद्योग लगायतका स्थानहरुमा बालश्रममुक्त लेखिएको बोर्ड अनिवार्य राख्नुपर्नेछ ।यसको उल्लघन गर्नेलाइ तोकिए बमोजिम जरिवाना गरिनेछ ।

(८) बालश्रम सम्बन्धी कानूनी व्यवस्थाहरुको बारेमा समुदायमा नियमित रुपमा प्रचारप्रसार एवम् जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ ।

(९) बालबालिकालाई जोखिमपूर्ण श्रममा संलग्न गराउने व्यक्ति,परिवार वा संस्थालाई कानूनी कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

४. बालविवाहमा प्रतिवन्ध (रोकथाम, न्यूनीकरण तथा अन्त्य ) : -(१) गाउँपालिकालाई बालविवाहमुक्त बनाउनका लागि स्थानीय बाल अधिकार समितिले बालविवाह मुक्त गाउँपालिका अभियान सञ्चालन गर्नेछ ।

(२) बालवविवाह मुक्त अभियान सञ्चालन गर्न समुदायलाइ परिचालन गर्ने ।

(३) बालविवाह र अनमेल विवाहका उजुरीहरु उपर हुने अनुसन्धान तथा अभियोजनमा नेपाल प्रहरी तथा सम्वन्धीत निकायलाइ आवश्यक सहयोग र समन्वयकारी भूमिका निर्वाह गर्ने र गराउने ।

५. जोखिम अवस्थामा रहेका बालबालिकाको पहिचान र संरक्षण - (१) बाल अधिकार समितिले गाउँपालिका भित्र जोखिमी अवस्थामा रहेका बालबालिकाको पहिचान गरी आवश्यक सेवा प्रवाह गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको जोखिममा परेका बालबालिकाको पहिचान तथा सो को अभिलेखीकरणका लागि बाल अधिकार समितिले सामाजिक सस्था र सुचिमा रहेका समाजसेवीलाई जिम्मेवारी दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम जोखिम अवस्थामा रहेका बालबालिकालाई आवश्यक सेवाहरु तथा बालबालिकाको अन्य सर्वोत्तम हित सम्बन्धी विषयहरु समेत खुलाई सो को प्रतिवेदन बाल कल्याण अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनको अध्ययन गरी बालकल्याण अधिकारीले प्रतिवेदनमा आफ्नो सुझाव सहित राखी उक्त प्रतिवेदन स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नुपर्नेछ ।

(५) स्थानीय बाल अधिकार समितिको निर्णयले त्यस्ता बालबालिकालाई घटना व्यवस्थापन प्रकृया अनुसार संरक्षण तथा व्यवस्थापन गर्नुपर्नेछ ।

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

परिच्छेद-३

बालअधिकार समिति गठन र काम कर्तव्य अधिकार सम्बन्धी व्यवस्था

६. गाउँ बालअधिकार समितिको गठनः (१) ऐनको दफा ६० को उपदफा (२) बमोजिम देहाय बमोजिमको गाउँ बाल अधिकार समिति रहनेछः-

(क) अध्यक्ष वा उपाध्यक्षबाट तोकिएको कार्यपालिका सदस्य -अध्यक्ष

(ख) महिला गाउँसभा सदस्य १ जना -सदस्य

(ग) गाउँपालिकाले तोकेको माध्यमिक विद्यालयहरुका प्रधानाध्यापकहरुमध्ये १ जना-सदस्य

(घ) गाउँपालिकामा सूचीकृत रहेका समाजसेवी वा मनोविज्ञमध्ये १ जना -सदस्य

(ङ) गाउँपालिकाको सामाजिक महाशाखा प्रमुख १ जना र बालबालिका शाखा प्रमुख १ जना गरी २ जना -सदस्य

(च) गाउँपालिकामा दर्ता भएकामध्ये गाउँपालिकाले तोकेको बालक्लबबाट १ जना बालिका सहित २ जना -सदस्य

(छ) बाल अधिकार, बाल संरक्षण वा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट गाउँपालिकाले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित २ जना -सदस्य

(ज) गाउँपालिका स्तरीय प्रहरी प्रमुख, नेपाल प्रहरी -सदस्य

(झ) गाउँपालिका भित्रका अस्पताल वा स्वास्थ संस्थामध्ये स्थानीय तहले मनोनयन गरेका एकजना प्रतिनिधि -सदस्य

(ञ) बाल कल्याण अधिकारी -सदस्य–सचिव सहित

जम्मा १३ जना ।

(२) उपदफा (१) को खण्ड (छ) र खण्ड (झ) बमोजिम मनोनित सदस्यको पदावधी दुई वर्षको हुनेछ र गाउँपालिकाले पुनः एकपटकका लागि दुई वर्षको पदावधि थप गर्न सक्नेछ ।

७. समितिको काम, कर्तव्य र अधिकारः (१) गाउँ बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट तयार गरि निर्णय गर्ने,

(ख) बाल अधिकार सम्बन्धी आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न कार्यपालिकालाई सुझाव दिने,

(ग) स्थानीय तहभित्र सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(घ) गाउँ पालिकाभित्र हुन सक्ने बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहारको रोकथाम, निषेध र नियन्त्रण, सडक बालबालिकाको उद्धार, संरक्षण, राहत, पुनःस्थापना, र व्यवस्थापन लगायत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको हक, हित र अधिकार संरक्षण र सम्वर्धन तथा वैकल्पिक हेरचाहको व्यवस्थापनमा समन्वय, सहयोग, सहजीकरण र सहकार्य गर्ने,

(ङ) गाउँ पालिकाभित्रका वडा, विद्यालय, टोल, समुदाय, घर तथा परिवारलाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने तथा आवश्यक सहजीकरण गर्ने ।

(च) नेपाल सरकारले तोकेको बालमैत्री स्थानीय शासनका सूचकहरु लागू गरी बालमैत्री विद्यालय, बालमैत्री वडा, बालमैत्री स्थानीय तह अवलम्बन गरी घोषणा गर्ने ।

(छ) बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको

क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) जोखिममा परेका बालबालिकाको उद्धार, राहत, संरक्षण तथा व्यवस्थापन गर्ने,

(झ) बालबालिका सम्बन्धी भए/गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी स्थानीय तहको स्वीकृतिमा बालबालिका सम्बन्धी वार्षिक स्थानीय प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने र सोको एक/एक प्रति प्रदेश बाल अधिकार समिति, बालबालिकाको विषय हेर्ने प्रदेश मन्त्रालय, वालअधिकार परिषद् र मन्त्रालयमा पठाउने,

(ञ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क विवरण सङ्कलन, अभिलेखीकरण, अद्यावधिक गरी सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा स्थानीय तहलाई सहयोग गर्ने,

(ट) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न स्थानीय तह र जिल्ला अदालतलाई सहयोग गर्ने ।

(ठ) बालबालिकाको अधिकार संरक्षण तथा प्रवर्धनका लागि प्रदेश बाल अधिकारी समिति तथा परिषद्सँग समन्वय र सहकार्य गर्ने ।

(ड) गाउँपालिका भित्रका बालबालिकासँग सम्बन्धित वा सरोकार राख्ने सामाजिक संस्था, सार्वजनिक निकाय, विद्यालय र निजी क्षेत्रमा बाल संरक्षण मापदण्ड लागू गर्ने

८. <u>समितिको बैठकः</u> (१) गाउँ बाल अधिकार समितिको बैठक २ कम्तिमा एक पटक बस्नेछ ।

तर, समितिले आवश्यक ठानेमा जुनसुकै बेला समितिको बैठक बस्न सक्नेछ ।

(२) समितिको बैठक अघिल्लो वैठकले तोकेको भए तोकिए बमोजिम नतोकिएको हकमा अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिका सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

CamScanner

(४) समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरू मध्ये ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा आवश्यकता अनुसार बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा कार्यरत निकाय, संघसंस्थाका प्रतिनिधि एवं गाउँ पालिकाको सूचिमा रहेका पेशागत विज्ञ वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) समितिको वैठक व्यवस्थापन, निर्णय अभलेखिकरण र प्रमाणित गर्ने कार्यहरु समितिका सदस्य-सचिवले गर्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

९. कार्यदल गठन गर्न सक्नेः (१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त नगरसभा सदस्य तथा कर्मचारीहरु र अवश्यकता अनुसार सामाजिक सस्थाका प्रतिनिधीलाइ मापदण्ड तोकि निश्चित अवधिका लागि कार्यदल गठन गरी अनुगमन अध्ययन तथा तथ्याक सकलनका लागि परिचालन गर्न सक्नेछ । कार्यदलको खर्च र व्ययभार सचित कोषबाट तोके बमोजिम हुनेछ । उक्त कार्यका लागि सामाजिक सस्थाले समेत प्रस्ताव सहित आर्थिक व्यभार गर्नसक्नेछन ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन गरिने उपसमितिलाई बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी कार्य गर्न गराउन दीर्घकालीन जिम्मेवारी तोक्न सकिनेछ ।

१० वडा बाल अधिकार समिति गठन : (१) गाउँपालिकाका प्रत्येक वडामा बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिका लागि देहाय बमोजिमको वडा बाल अधिकार समिति रहनेछ ।

(क) वडा अध्यक्ष -संयोजक
(ख) बालबालिका हेर्ने फोकल पर्सन (वडा सदस्य) -सदस्य
(ग) वडाभित्र रहेका विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरु मध्येबाट १ जना-सदस्य
(घ) महिला स्वास्थ्य स्वयमसेवीहरुका मध्येबाट १ जना -सदस्य
(घ) वडास्तरीय बालक्लवले मनोनित गरेको बालबालिका मध्ये १ जना -सदस्य
(ङ)सूचिकृत बालअधिकार तथा सामाजिक कार्यमा क्रियाशिल व्यक्तिमध्येबाट १ जना -सदस्य
(ज) वडा सचिव १ जना -सदस्य– सचिव

(२) पदीय हैसियतमा वडा बालअधिकार समितिमा पदेन सदस्यको रुपमा मनोनित भएका कुनै पनि सदस्य मनोनयनका बखत बहाल रहेको पदमा नरहेमा निज वडा बालअधिकार समितिको सदस्य रहने छैनन् ।

(३) उपदफा (१) बमोजिम वा अन्य कुनै कारणबाट वडा बालअधिकार समितिको सदस्य पद रिक्त भएमा सोको यथाशिघ्र पदपूर्ति गरिनेछ । तर, त्यस्तो पदपूर्ति नभएकै कारण वडा बालअधिकार समितिको काम कारवाहीमा बाधा पुग्नेछैन ।



राज समझ चौधरी
गा.पा. अध्यक्ष

१०. <u>वडा समितिको बैठकः-</u> (१) वडा बालअधिकार समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) वडा बालअधिकार समितिको बैठक २ महिनामा कम्तीमा एकपटक बस्नेछ । तर, वडा बालअधिकार समितिले आवश्यक ठानेमा जुनसुकै बेला बैठक बस्न सक्नेछ ।

(३) वडा बालअधिकार समितिका सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(४) वडा बालअधिकार समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरूले आफूमध्ये ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) वडा बालअधिकार समितिको बैठकमा आवश्यकताअनुसार बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा कार्यरत निकाय, संघसंस्थाका प्रतिनिधि एवं पेशागत विज्ञ वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) वडा बालअधिकार समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गरी अभिलेख राख्नेछ ।

(७) वडा बालअधिकार समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

११. <u>वडा समितिको काम, कर्तव्य र अधिकारः</u> वडा बालअधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका, जोखिममा रहेका बालबालिकाको उद्धार, पुनःस्थापना लगायत सबै बालवालिकाको तथ्यांक संकलन, अद्यावधिक र अभिलेखीकरण गर्ने तथा समितिमा पेश गर्ने,

(ख) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत निकाय एवं बालक्लब लगायतका संघ संस्थाहरूको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरूसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बालअधिकारको प्रवर्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने, गराउने,

(ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी सम्बन्धित निकायहरू र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने,

(घ) बालअधिकारको प्रवर्द्धन तथा बालसंरक्षण र सम्वर्धनका निमित्त चेतना अभिबृद्धि, जागरण अभियान सञ्चालन गर्ने, बालबालिका सम्बन्धी दिवसहरू मनाउने तथा सो सन्दर्भमा बालबालिकाको निम्ति रचनात्मक, सिर्जनात्मक कार्यक्रमहरू गर्ने, गराउने,

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(ड) बालअधिकार हननका सम्बन्धमा आएका सूचना तथा उजुरीहरूलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने तथा बालबालिकाको उद्धार, संरक्षणका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने तथा समितिलाई सहयोग गर्ने,

(ञ) वडामा बालबालिकासम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन समिति समक्ष पेश गर्ने,

(ञ) समितिसँग आवश्यक समन्वय गरी विशेष संरक्षणका आवश्यकता भएका बालबालिकालाई उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापनाका लागि बाल कोष समेतबाट आवश्यक सहयोग प्रदान गर्नका लागि सिफारिस गर्ने,

(ठ) वडामा रहेका बाल क्लबहरूको क्रियाशिलता तथा व्यवस्थापनका लागि आवश्यक सहजीकरण, सहयोग गर्ने तथा वडाको योजना निर्माणको चरणमा नै बालबालिकाको सहभागिता सुनिश्चित गर्न आवश्यक सहजिकरण गर्ने,

(ढ) वडा बालअधिकार समितिका बैठकका निर्णयहरू एवं सम्पन्न गरिएका सबै काम कारवाहीहरूको अभिलेख दुरूस्त र सुरक्षित राख्ने ।

(ण) वडाभित्र सञ्चालनमा रहेका अस्थायी संरक्षण सेवा, वैकल्पिक हेरचाह प्रदायक संस्थाहरुको अनुगमन गरी सो सम्बन्धी प्रतिवेदन समिति समक्ष पेश गर्ने

(त) वडा भित्रका बालबालिकासँग सम्बन्धित वा सरोकार राख्ने सामाजिक संस्था, सार्वजनिक निकाय, विद्यालय र निजी क्षेत्रमा बाल संरक्षण मापदण्ड लागू गर्ने

## परिच्छेद ४
## बाल क्लब गठन तथा दर्ता सम्बन्धी व्यवस्था

१२. <u>बाल क्लब वा संस्था गठन</u>- (१) समुदायमा आधारित बाल क्लब वा संस्था गठन गर्न चाहिने व्यक्ति, समूह तथा संगठनले बाल क्लब वा संस्था गठन गर्ने औचित्य र कारणहरु समेत स्पष्ट पारी न्यूनतम सात दिन अगावै सम्बन्धित समुदायका बालबालिका तथा अभिभावकहरुलाई खुला सूचना दिनुपर्नेछ ।

(२) यसरी दिइने सूचना सरल नेपाली भाषामा र आवश्यकता अनुसार स्थानीय समुदायद्धारा बोलिने मातृ भाषाहरुमा समेत दिनुपर्नेछ ।

(३) सूचना उपलव्ध गराउने विधि गाउँपालिका र यसका वडा कार्यालय, नागरिक सूचना केन्द्र, सामुदायिक सहकारी तथा बचत समूहका कार्यालयहरु, उपभोक्ता समितिका कार्यालय भवन, प्रहरी चौकी, स्वास्थ्य चौकी, विद्यालय र पहुँचमा आएका बालबालिकालाई मौखिक रुपमा भेलाका लागि जानकारी दिनु पर्नेछ ।

(४) बाल क्लब वा संस्था गठन गर्ने भेलामा कम्तिमा २५ जना बालबालिका उपस्थित हुनुपर्नेछ ।



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(५) विद्यालयमा आधारित बाल क्लब वा संस्था गठन गर्दा विद्यालय भित्र सबै कक्षामा सूचना प्रदान गर्ने एवम् भेलाको आयोजना विद्यालय परिसरभित्रै प्रधानाध्यापक, संरक्षक शिक्षक वा व्यवस्थापन समितिका अध्यक्षको उपस्थितिमा गर्नुपर्नेछ ।

(६) विषयगत बाल क्लब वा संस्था गठन गर्दा स्थानिय समुदायमा वा विद्यालयमा जहाँ गठन गर्ने हो त्यसै अनुरुप सूचना गर्ने र भेलाको आयोजना गर्नु पर्नेछ ।

१३. बाल क्लब वा संस्था दर्ता- (१) दफा १२ बमोजिमको सूचनाको आधारमा गरिएको भेलाले निर्णय गरी कुनै निश्चित विषय वा क्षेत्रका बालबालिकाका सरोकारहरुमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बालअधिकारको प्रचारप्रसार र अनुगमन लगायत नियमावलीको नियम ५ मा उल्लेखित कार्यका लागि बालबालिकाले वडा कार्यालयमा बालक्लब वा संस्था दर्ताका लागि अनुसूची-१ बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजातहरु संलग्न गरी निवेदन दिनुपर्नेछ ।

(क) प्रस्तावित बाल क्लव वा संस्थाको विधान

(ख) प्रस्तावित बाल क्लब वा संस्था खोल्ने सम्बन्धमा भएको छलफल एवम् निर्णयको प्रतिलिपि

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनहरुको वडा कार्यालयले आवश्यक जाँचबुझ गरी बालक्लब वा संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा प्रमाणपत्र जारी गर्नेछ ।

१४. विद्यालयमा आधारित बाल क्लब वा संस्थाः- (१) एक विद्यालयमा एक बाल क्लब वा संस्था रहनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए भएता पनि विभिन्न उमेर र विषयगत बाल क्लब वा संस्थारु सोही बाल क्लब वा संस्था अन्तर्गत उपसमूहका रुपमा क्रियाशिल हुन सक्नेछन् ।

(३) विद्यालय स्तरका बाल क्लब वा संस्थाको उपसमूह गठन गर्दा देहाय बमोजिमका उमेर समूह तथा विषयगत क्षेत्रका अधारमा छुट्टाछुट्टै गठन गर्न सकिनेछ ।

(क) उमेर समूह

(१) ५ देखि ११ वर्ष,

(२) १२ देखि १५ वर्ष र

(३) १६ देखि १८ वर्ष

(ख) विषयगत क्षेत्र

(१) बाल विवाह,

(२) बाल पोषण, खोप, स्वास्थ्य तथा सरसफाई,

(३) जलवायु परिवर्तन र बालबालिकामाथिको प्रभाव,



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

CamScanner

गाउँ कार्यपालिकाको कार्यालय
दुधौलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(४) बालश्रम

(५) बालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहार

(६) बुलिङ र शारिरीक दण्ड र सजाँय

(७) अन्य

(४) उपदफा (१) बमोजिम गठन भएको बाल क्लब वा संस्थामा सम्बन्धित विद्यालयमा अध्ययनरत रहेकामध्ये सबै जातजाति, कक्षा, लिंग र आर्थिक तथा शारीरिक अवस्थाबाट कमजोर बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनुपर्नेछ ।

(५) यस दफा बमोजिमको बाल क्लब वा संस्थाको नेतृत्व गर्ने बालबालिका ८ देखि १७ बर्ष उमेर समूहको हुनुपर्नेछ र यसको नेतृत्व र सदस्य सम्बन्धित विद्यालयमा अध्ययनरत बालबालिका नै हुनपर्नेछ ।

१५. <u>समुदायमा आधारित बाल क्लब वा संस्थाः-</u> (१) गाउँपालिका भित्रको निश्चित भूगोल भित्रका बालबालिका समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर बालबालिकाले समुदायमा आधारित बालक्लब वा संस्था गठन गरी दर्ता गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको बाल क्लब वा संस्था गाउँपालिकाको वडा भित्रको गाउँ वा टोल वा बस्ती वा निश्चित समुदायमा गठन गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको बालक्लब वा संस्थाले सम्बन्धित भूगोल भित्रका १८ बर्ष मूनिका सबै उमेर, लिङ्ग, जाति, आर्थिक हैसियत तथा शारीरिक अवस्था कमजोर भएका बालबालिकाहरुलाई समेट्ने तथा उनिहरुको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गर्नुपर्नेछ ।

(४) समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रुपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरुमा आधारित रहेर गठन भएका यस्ता बाल क्लब वा संस्थालाई विषयगत बाल क्लब वा संस्था मानिनेछ ।

(५) यस दफा बमोजिमको बाल क्लब वा संस्थाको नेतृत्व गर्ने बालबालिका ८ देखि १७ बर्ष उमेर समूहको हुनुपर्नेछ र यसको नेतृत्व र सदस्य सम्बन्धित समुदायमा स्थायी बसोबास गर्ने बालबालिका हुनपर्नेछ ।

१६. <u>विशिष्टीकृत बाल क्लब वा संस्था गठन-</u>(१) अन्तर्राष्ट्रिय रुपमा नै स्थापित स्वयमसेवा अभियान तथा संगठनहरु, नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका स्वय आफ्नै पहलम र सरक्षणमा आफ्नो आवश्यकता अनुसार विशेष प्रकृतिको आफ्नो संस्थागत बाल क्लब वा संस्था गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बाल बालक्लब वा संस्थाहरुको गठन र व्यवस्थापन विधि स्वयम् यसका महासंघ, संरक्षक निकाय तथा स्थापित मान्यता र विधानहरुबाट सञ्चालित हुन सक्नेछन् ।



CamScanner

(३) अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अपाङ्गता भएका बालबालिकाले अपाङ्गता भएका बालबालिका मात्र सदस्य रहने गरी र बालिकाले बालिका मात्र सदस्य रहने गरी १५ जनाको भेला मार्फत विद्यालयमा आधारित वा समुदायमा आधारित बालक्लब वा संस्था दर्ता गर्न सक्नेछन ।

१७. <u>बालक्लब वा संस्थाको नेतृत्व चयनः</u>-(१) दफा १३ बमोजिमको भेलामा सहभागी बालबालिकासँगको छलफल र सहमतीको आधारमा देहाय बमोजिम बाल क्लब वा संस्थाको नेतृत्व चयन गर्न सकिने छ ।

(क) बहुपदिय नेतृत्वः- बाल क्लब वा सस्थामा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष, तथा विषयगत संयोजकहरु तय भएको नेतृत्व ।

(ख) चक्रिय नेतृत्वः- बाल क्लब वा संस्थामा निश्चित संख्यामा कार्यसमिति सदस्य रहने र कार्यसमितिबाट एक अध्यक्ष र सचिव तोक्ने । अर्को बैठकमा अहिलेको सचिव अध्यक्ष हुने र कार्यसमितिको कुनै सदस्य सचिव बन्ने । यही प्रक्रिया आगामी बैठकहरुमा दोहोरिदै जाने ।

(ग) संयोजन समूहः- बाल क्लब वा संस्थामा निश्चित संख्यामा संयोजन समूह रहने र बाल क्लब वा संस्थाको कार्यक्रम र बैठक अनुसार संयोजन, अध्यक्षता र प्रतिनिधित्व गर्न जिम्मेवारी तोक्ने ।

(२) बाल क्लब वा संस्थाको कार्यसमिति संख्या ७ देखि ९ सदस्यीय सम्म बनाउन सकिनेछ ।

(४) बाल क्लब वा संस्थाको नेतृत्व बालिका, दलित समुदाय, अपाङ्गता भएका बालबालिका तथा पछाडी पारिएका बालबालिकाको सहभागिता सुनिश्चित हुनेगरी समावेशिताको आधारमा चयन गर्नुपर्नेछ ।

(५) एकै बालक वा बालिका दुई वा सो भन्दा बढी बाल क्लब वा संस्थाको नेतृत्वमा बस्न पाउने छैन ।

तर बाल क्लब वा संस्थाका नेतृत्वमा रहेको सदस्य सञ्जालको नेतृत्वमा भने बस्न सक्नेछ ।

(६) समुदायमा आधारित बाल क्लब वा संस्थाको नेतृत्व प्रत्येक २ वर्षमा परिवर्तन गर्नुपर्दछ भने विद्यालयमा आधारित बाल क्लब वा संस्थाको नेतृत्व परिवर्तन प्रत्येक वर्ष गर्नुपर्दछ ।

(७) एकै व्यक्ति बाल क्लब वा संस्थाको पदाधिकारी अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको रुपमा एक कार्यकाल भन्दा बढी समय बस्न सक्ने छैन तर कार्यसमितिको सदस्य भने बस्न फरक पर्ने छैन ।



राज समझ चौधरी
गा.पा. अध्यक्ष

(८) बाल क्लब वा संस्थाका सदस्यहरुमाझ नेतृत्व चयनका सन्दर्भमा विवादहरु आएमा निम्नानुसार अभ्यास गर्न सकिनेछः-

(क) नेतृत्व गर्न चाहने सदस्यले आफूले बाल क्लब वा संस्थालाई कसरी सक्रिय र बलियो बनाउने भन्ने विषयमा अर्को सदस्यप्रति नकारात्मक धारणा व्यक्त नगरी छोटे प्रस्तुती गर्न सक्नेछ ।

(ख) नेतृत्व गर्न चाहने सदस्यहरु मात्र छलफल गरी सहमतीमा अग्रसर हुने ।

(ग) नेतृत्वलाई चक्रिय नेतृत्व प्रणालीमा परिवर्तन गर्ने

(घ) उल्लेखित तरिकाबाट विवाद समाधान नभएमा नेतृत्वका लागि सदस्यहरु मध्येबाट मतदान प्रक्रियाबाट चयन गर्नुपर्नेछ र मतदान प्रक्रियाको सहजिकरण संरक्षक शिक्षक वा वयस्क सहजकर्ताबाट गर्नु पर्नेछ ।

१८. पदावधि समाप्त हुनेः- (१) बालक्लब वा संस्था एवम् सञ्जालमा रहने नेतृत्व एवम् सदस्यको पदावधि बालबालिका १८ वर्ष पुरा भएपश्चात स्वतः समाप्त हुनेछ ।

१९. क्षमता विकास तथा कार्यक्रम सञ्चालन सहायता सम्बन्धमा - (१) गाउँपालिकाले बालक्लब वा संस्थालाई बालबालिकाको हक, हित र अधिकारको प्रवर्धन, सिर्जनात्मक गतिविधि, खेलकुद तथा पठनपाठनमा सहयोग पुग्ने किसिमका कार्यक्रम सञ्चालनका लागि सहयोग गर्नेछ ।

(२) बालक्लब वा संस्थाले उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रमको अवधारणा सहित सहयोगको लागि गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनहरुको आधारमा गाउँपालिकाले त्यस्ता कार्यक्रम सञ्चालनको व्यवस्थापन गर्नेछ ।

(४) यस दफा बमोजिम कार्यक्रम सञ्चालनको क्रममा बाल क्लब वा संस्थालाई आर्थिक कारोबार सम्बन्धी व्यवहारमा संलग्न गराइने छैन ।

(५) गाउँपालिकाले दर्ता भएका बाल क्लब वा संस्थाको नेतृत्व विकास एवम् विषयगत क्षमता अभिवृद्धिका लागि आवधिक रुपमा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

२०. बालक्लब वा संस्था सञ्जाल गठन -(१) गाँउपालिकामा दर्ता भएका बाल क्लब वा संस्थाहरु एक आपसमा भेला भई एक आपसमा काम र अभियानहरुलाई साथ सहयोग गर्ने तथा एक आपसका सरोकारहरुलाई सामूहिकिकरण गर्न गाउँपालिका स्तरीय एक बाल क्लब वा संस्था सञ्जाल गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको सञ्जालहरु प्रत्येक वडामा पनि वडा स्तरीय बाल क्लब वा संस्था सञ्जालको रुपमा दर्ता गर्न सकिनेछ ।

(३) बाल क्लब वा संस्था सञ्जाल गठन गर्दा समुदायमा आधारित, विद्यालयमा आधारित तथा विषयगत बाल क्लब वा संस्थाहरु सम्मिलित गरिनेछ ।

(४) बाल क्लब वा संस्था सञ्जाल गठन गर्नका लागि गाउँ र वडा तहमा बाल क्लब वा संस्थाहरूको प्रतिनिधि भेलाको आयोजना गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको भेलामा सञ्जालले समेट्ने क्षेत्रहरु समुदाय, विद्यालय तथा विषयगत बाल बालक्लब वा संस्थालाई भेलाको मिति भन्दा ७ दिन अगावै सूचना प्रदान गर्नुपर्नेछ । सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछः-

(क) भेलाको मिति, समय र स्थान,

(ख) भेलामा छलफल हुने विषयहरु,

(ग) भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल क्लब वा संस्थाको प्रतिनिधि संख्या (जातजाति, लिंग समेत तय गरिएको भए सो समेत)

(घ) भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,

(ङ) भेलामा सहभागीका लागि उपलब्ध नहुने सेवा र सुविधा, र

(च )अन्य आवश्यक विषयवस्तु ।

(६) बाल क्लब वा संस्थाका प्रतिनिधिहरूले भेलामा सहभागी हुन देहायका शर्त पूरा गर्नु पर्नेछ ।

(क) आफ्नो बाल क्लब वा संस्थामा छलफल गरी निर्णय गरेको हुनु पर्नेछ, ।

(ख) विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्नेछ, ।

(ग) समुदायमा आधारित बाल क्लब वा संस्थाको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको सहमति ।

(७) बाल क्लब वा संस्थाले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्थामा बालक, बालिका, दलित समुदाय, अपांगतामा रहेका बालबालिका, यौनिक तथा लैंगिक अल्पसंख्यक तथा पिछडिएका बालबालिकाको सहभागिता सुनिश्चित हुनेगरी समावेशिताको आधारमा चयन गर्नुपर्नेछ ।

(८) सञ्जाल भेलामा सहभागी हुने बाल क्लब वा संस्था प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्र बसोवास भएको हुनु पर्नेछ ।

(९) बाल क्लब वा संस्था सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिका माझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनुपर्नेछ ।

(११) प्रतिस्पर्धी बालबालिकालाई चक्रिय नेतृत्व, संयोजन समूह वा उपसमितिहरूको गठनबाट विभिन्न जिम्मेवारीहरू प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ ।

(१२) बालबालिकामाझ हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ ।

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

परिच्छेद-५

बाल संरक्षण सेवा सम्बन्धी व्यवस्था

२१. सार्वजनिक सूचना - (१) गाउँपालिकाले बाल संरक्षण सम्बन्धी सेवाहरुको व्यवस्थापनका लागि देहाय बमोजिमको संयन्त्रहरुको सूचीकरणका लागि गाउँपालिकाले ३५ दिनको सार्वजनिक सूचना जारी गर्नेछः-

(क) बालबालिकालाई वैकल्पिक हेरचाहमा संरक्षण सेवा प्रदान गर्न चाहने व्यक्ति वा परिवार

(ख) परिषदबाट सञ्चालन अनुमति प्राप्त परिवारमा आधारित हेरचाह गर्ने संस्था, बालगृह र अस्थायी संरक्षण सेवा

(ग) नेपाल सरकारको स्वीकृतिमा परिषदबाट सञ्चालन अनुमति प्राप्त पुनःस्थापना केन्द्र

(२) उपदफा (१) बमोजिमको संयन्त्रहरुको सूचीकरणका गाउँपालिकाले राष्ट्रिय पत्रपत्रिका वा स्थानीय पत्रपत्रिका वा वेवसाइट वा सूचना पाटीमार्फत सूचना जारी गर्न सक्नेछ ।

२२. निवेदन - (१) दफा २२ को खण्ड (क) अनुसारको व्यक्ति वा परिवारले गाउँपालिकामा सूचीकृत हुनका लागि अनुसूची-३ बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजातहरु संलग्न गरी निवेदन दिनुपर्नेछः-

(क) सूचीकृत हुनका लागि निवेदन

(ख) नागरिकताको प्रमाणित प्रतिलिपी

(ग) पारिवारिक सदस्यहरुको विवरण

(घ) घर तथा जग्गा-जमिन सम्बन्धी विवरण

(ङ) वार्षिक आम्दानी, खर्च र बचतको विवरण

(च) आम्दानीको स्रोत

(छ) घरेलु हिंसा, बालबालिका विरुद्धको कसूर तथा नैतिक पतनदेखिने फौजदारी अभियोगमा अदालतबाट दोषी नठहरिएको स्व-घोषणापत्र

(ज) शारीरिक र मानसिक समस्या नभएको, दीर्घकालीन उपचार गर्नुपर्ने वा सरुवा रोगबाट संङ्क्रमित नभएको र लागू पदार्थ दुर्व्यशन वा अन्य कूलतमा नलागेको खुलेको मान्यताप्राप्त चिकित्सकबाट सिफारिसपत्र



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(२) दफा २२ को सूचना अनुसार दफा २२ को उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको संयन्त्रहरुले गाउँपालिकामा सूचीकरण हुनका लागि अनुसूची-३ बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजातहरु संलग्न गरी निवेदन दिनुपर्नेछः-

(क) सूचीकृत हुनका लागि निवेदन

(ख) संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्र

(ग) परिषदबाट जारी भएको सञ्चालन अनुमतिपत्र र नवीकरणको प्रमाण

(घ) पुनःस्थापना केन्द्रको हकमा निर्णयले परिषदबाट जारी भएको सञ्चालन अनुमतिपत्र र नवीकरण

(ङ) संस्थाको बालबालिका संरक्षण गर्न सक्ने क्षमता र हाल संरक्षणमा रहेका बालबालिकाको विवरण

(३) उपदफा (२) बमोजिम अस्थायी संरक्षण सेवा प्रदायकले आफ्नो विशिष्टिकृत क्षमता अनुसार देहाय बमोजिमका वर्गिकरणको आधारमा निवेदन दिनुपर्नेछः-

(क) लागू पदार्थ दुर्व्यसनी उपचार सहित सडक बालबालिकालाई अस्थायी संरक्षण सेवा

(ख) बालबालिका विरुद्धको यौनहिंसा तथा दुर्व्यवहारबाट पीडित र प्रभावित बालबालिकालाई अस्थायी संरक्षण सेवा

(ग) वेवारिसे फेला परेका बालबालिकाको अस्थायी संरक्षण सेवा

(घ) जोखिमपूर्ण श्रममा संलग्न रहेका बालबालिकाको उद्धार पछिको अस्थायी संरक्षण सेवा

(ङ) बाह्य देशबाट उद्धार गरिएका, वेचविखन तथा ओसारपारमा परेका बालबालिकालाई उद्धार पछिको अस्थायी संरक्षण सेवा

(च) मापदण्ड विपरित सञ्चालनमा रहेका वैकल्पिक स्याहारबाट उद्धार गरिएका बालबालिकाको पुनःस्थापना नभएसम्मका लागि अस्थायी संरक्षण सेवा

(४) उपदफा (१) र (२) बमोजिमको निवेदन दर्ता गर्दा गाउँपालिकाले आवश्यक शुल्क लिन सक्नेछ ।

२३. <u>बाल संरक्षण संयन्त्रको सूचीकरणः-</u> (१) बाल कल्याण अधिकारीले यस कार्यविधिको दफा २३ को उपदफा (१) र (२) बमोजिम प्राप्त निवेदनहरुको लेखाजोखा गरी उपदफा (३) बमोजिमको वर्गिकरणको आधारमा कुन किसिमको सूचीकरण गर्न उपयुक्त रहे नरहेको व्यहोरा खुलाई स्थानीय बाल अधिकार समिति समक्ष लेखाजोखा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनका आधारमा स्थानीय बाल अधिकार समितिको निर्णयले निवेदक बाल संरक्षण संयन्त्रहरुको सूचीकरण गर्नेछ ।

(३) स्थानीय बाल अधिकार समितिमा सूचीकृत भएपश्चात नगरपालिकाले अनुसूची-४ बमोजिमको ढाँचामा सूचीकृत संस्थालाई सूचीकरणको पत्र उपलब्ध गराउनेछ ।

स्पष्टीकरणः- सम्बन्धित गाउँपालिकामा कार्यरत बालगृह, अस्थायी संरक्षण सेवा प्रदायक संस्था वा बालगृह संघ वा प्रदेशमा सूचीकृत भएको भए सोही पत्रको प्रतिलिपि राखी नगरपालिकाले सोझै सूचीकृत गर्न सक्नेछ ।

२४. <u>बाल संरक्षण सेवाको सूची र वार्षिक अद्यावधिक</u> - (१) दफा २४ बमोजिम सूचीकृत भएका बाल संरक्षण सेवा प्रदायकहरुबाट प्रत्येक आर्थिक वर्षको असार ३० गतेसम्ममा आगामी आर्थिक वर्षको लागि गाउँपालिकामा सूचीकरण हुन चाहनेहरुबाट सूचीकरण अद्यावधिकका लागि परिपत्रमार्फत वा इमेलमार्फत वा सूचनामार्फत दफा २३ को उपदफा (२) बमोजिमको कागजात संलग्न गरी आवेदन माग गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आवेदनको आधारमा यस कार्यविधिको दफा ३० बमोजिमको अनुगमन टोलीले अनुगमन गरी सिफारिस सहितको अनुगमन प्रतिवेदन स्थानीय बाल अधिकार समित समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अनुगमन प्रतिवेदनको सिफारिस र बाल अधिकार समितिको निर्णयको आधारमा नगरपालिकाले बाल संरक्षण संयन्त्रहरुको सूचीकरण अद्यावधिक गर्नेछ ।

२५. <u>अस्थायी संरक्षण सेवाको लागि अनुदान</u> - (१) दफा २४ बमोजिम सूचीकृत भएका अस्थायी संरक्षण सेवा प्रदायक संस्थासँग गाउँपालिकाले वार्षिक कार्यसम्पादन सम्झौता गरी गाउँपालिकाले सहकार्यमा उद्धार गरी अस्थायी संरक्षण लगायतको संरक्षण सेवाको लागि सिफारिस गरिएका बालबालिकालाई नियमावलीको नियम ६८ को उपदफा (३) बमोजिमको सेवा प्रदानका लागि प्रति बालबालिका प्रति महिना प्रमाणित हाजिरीको आधारमा बढीमा रु. ८ हजारसम्म उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुदान उपलब्ध गराउँदा गाउँपालिकाले त्यस्ता सेवा प्रदायक संस्थाले प्राप्त गर्ने अनुदानमा संघ वा प्रदेशबाट समेत अनुदान प्राप्त भए नभएको सम्बन्धमा दोहोरोपना नभएको एकीन गर्नुपर्नेछ ।

२६. <u>समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण र नियुक्ति</u> - (१) समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण र नियुक्ति ऐनको दफा ६२ तथा नियमावलीको नियम ८३ बमोजिम हुनेछ ।

(२) नियमावलीको नियम ८३ बमोजिम नियुक्त समाजसेवी तथा बालमनोविज्ञको सेवाको शर्त देहाय बमोजिम हुनेछः-

(क) अधिकारबाट वञ्चित भएका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको बाबुआमा र परिवारको स्थिति, हेरचाह तथा पालनपोषणको वर्तमान अवस्था र सम्भाव्य स्थितिको आधारमा बालबालिकाको उचित सहायता र व्यवस्थापनका लागि प्रतिवेदन पेश गर्ने,



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(ख) बालबालिकालाई प्रदान गर्नुपर्ने संरक्षण सेवा प्रवाहमा उच्चतम हित लेखाजोखा सम्बन्धी प्रतिवेदन तयार गरी बाल कल्याण अधिकारी समक्ष पेश गर्ने,

(ग) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको वैकल्पिक हेरचाहको प्रवन्ध गर्ने क्रममा इच्छुक परिवारका सदस्य वा नातेदार तथा व्यक्तिको लेखाजोखा गरी सामाजिक लेखाजोखा प्रतिवेदन पेश गर्ने

(घ) बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थापनको क्रममा बालबालिकाको सर्वोत्तम हित हुनेगरी बाल कल्याण अधिकारीलाई राय/परामर्श उपलब्ध गराउने,

(ङ) बालबालिकाको पारिवारिक पुनर्मिलन गराउने क्रममा पारिवारिक लेखाजोखा सम्बन्धी प्रतिवेदन उपलब्ध गराउने

(च) गाउँपालिकाले तोकेका अन्य कार्यहरु सम्पादन गर्ने

(३) गाउँपालिकाले नियुक्त गरिएको समाजसेवी तथा बालमनोविज्ञलाई उपदफा (२) बमोजिमको कार्यसम्पादनका लागि घटनाको प्रकृति तथा घटना व्यवस्थापन गर्न लाग्ने अनुमानित समयको आधारमा प्रति घटना का दरले पारिश्रमिक बाल अधिकार समितिले निर्णय गरी उपलब्ध गराउन सक्नेछ ।

२७. बाल हेल्पलाइन सेवा (१०९८) सँग समन्वय र सहकार्य - (१) बालबालिका विरुद्धको हिंसाबाट पीडित तथा प्रभावित भएका र जोखिममा परेका बालबालिकाको उद्धार, अस्थायी संरक्षण, मनोविमर्श तथा कानूनी सहयोगका लागि गाउँपालिकाले बाल हेल्पलाइन सेवा (१०९८) सँग समन्वय र सहकार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बाल हेल्पलाइन सेवासँग समन्वय र सहकार्यका लागि बाल अधिकार समितिले सूचना पाटी वा वेवसाइट वा परिपत्रमार्फत बाल हेल्पलाइन सेवा सञ्चालन अनुमति प्राप्त संस्थाबाट सहकार्यका लागि देहायका कागजातहरु संलग्न गरी सूचनामार्फत आवेदन माग गर्न सक्नेछः-

(क) सहकार्यका लागि निवेदन

(ख) परिषदबाट जारी भएको बाल हेल्पलाइन सेवा सञ्चालन अनुमतिपत्रको प्रतिलिपी

(ग) संस्था दर्ता र नवीकरणको प्रमाणपत्रको प्रतिलिपि

(घ) गत दुई आ.व. को लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

(३) उपदफा (२) बमोजिमको सूचना जारी गर्दा आगामी आर्थिक वर्षको वजेट तथा कार्यक्रम निर्माण प्रकृया शुरु हुनुभन्दा पहिले नै ३५ दिनको म्याद दिई सूचना जारी गर्नुपर्नेछ ।



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(४) उपदफा (२) बमोजिम प्राप्त आवेदनको आधारमा गाउँपालिकाले बाल हेल्पलाइन सेवाको सबलीकरणका लागि वार्षिक कार्यक्रम तथा वजेटको व्यवस्था गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम व्यवस्था गरिएको कार्यक्रम तथा वजेटमार्फत बाल हेल्पलाइन सेवा सञ्चालक संस्थासँग वार्षिक कार्यसम्पादन सम्झौता गरी गाउँपालिकाले उद्धार गरेका उपदफा (१) मा उल्लेख भए बमोजिमका बालबालिकाको अस्थायी संरक्षण लगायतको संरक्षण सेवाको व्यवस्थापन लगायत देहायका प्रयोजनका लागि प्रति बालबालिका प्रति महिना प्रमाणित हाजिरीको आधारमा गाउँपालिकाले रु. ८ हजारसम्म उपलब्ध गराउन सक्नेछः-

(क) खाद्यान्न, औषधी उपचार, ग्याँस

(ख) तत्काल राहत सहयोग

(ग) मनोविमर्श सेवा

(घ) कानूनी परामर्श सेवा

(ङ) लत्ता कपडा, सिरक, डस्ना

(च) घरभाडा

(छ) बालबालिकाको पारिपारिक पुनर्मिलन तथा लेखाजोखाको क्रममा लाग्ने दैनिक भ्रमण तथा यातायात खर्च

२८. <u>बालबालिका खोजतलास सेवा (१०४) सँग समन्वय र सहकार्य</u> -(१) हराएका, वेवारिसे फेला परेका, वेचविखन तथा ओसारपसारमा परेका, सडकमा आश्रित तथा जोखिमपूर्ण कार्यमा संलग्न बालबालिकाको खोजी, उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यका लागि बाल अधिकार समितिले बालबालिका खोजतलास सेवा (१०४) सँग समन्वय र सहकार्य गर्नेछ । सोको लागी एक कार्यदल समेत गठन गरि कार्य विवरण तोकि खटाउन सक्नेछ ।

(२) बालबालिका खोजतलास सेवाको सबलीकरणका लागि प्रदेशमा सञ्चालनमा रहेको बालबालिका खोजतलास सेवा (१०४) को प्रभावकारिता अभिवृद्धिका लागि वार्षिक कार्यक्रममार्फत सहकार्य गर्न सक्नेछ ।

## परिच्छेद-६

## बाल संरक्षण सेवाको अनुगमन

२९. <u>अनुगमन टोली गठन</u> (१) गाउँपालिकामा संरक्षण सेवा प्रदान गरिरहेका बाल संरक्षण संयन्त्र तथा सेवा प्रवाहको अवस्था अनुगमनका लागि बाल अधिकार समिति अन्तर्गत रहनेगरी देहाय बमोजिमको तीन सदस्यीय अनुगमन टोली रहनेछः-

(क) बालअधिकार समितिको संयोजकले तोकेको बाल अधिकार समितिको सदस्य -संयोजक



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(ख) बालकल्याण अधिकारी - सदस्य

(ग) सूचीकृत समाजसेवी वा बालमनोविज्ञ वा सामाजिक संस्थाको सम्पर्क वन्दु - सदस्य

(२) उपदफा (१) बमोजिमको अनुगमन टोलीमा आवश्यकता अनुसार घटनाको प्रकृति एवम् गाम्भीर्यताका आधारमा विषय विज्ञ एक जनालाई बाल अधिकार समितिको संयोजकको अनुमति लिई सामेल गराउन सक्नेछ ।

३०. <u>अनुगमन गर्ने अवधि र समयः-</u> (१) अनुगमन टोलीले अनुगमन योजना बनाई नियमित रुपमा गाउँपालिकाभित्र सञ्चालनमा रहेका बाल संरक्षण संयन्त्रहरुको अनुगमन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन योजना बनाउँदा यस कार्यविधिको परिच्छेद-५ बमोजिम सूचीकृत भएका संयन्त्रहरुको एक आर्थिक वर्षमा कम्तिमा तीन पटक अनुगमन गर्नेगरी बढीमा ४ महिनाभित्रमा एक चरणको अनुगमन सम्पन्न गर्ने गरी बनाउनुपर्नेछ ।

तर कुनै विशेष परिस्थिति वा उजुरी वा सूचनाका आधारमा आवश्यकता अनुसार तत्काल जुनसुकै अवधि र समयमा अनुगमन टोलीले अनुगमन गर्न सक्नेछ ।

(३) बाल संरक्षण संयन्त्रहरुको अनुगमन गर्दा सकेसम्म विहान वा बेलुकीको समयमा गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको समयमा अनुगमन गर्न सम्भव नभएमा सेवा प्रदायक संस्था र संरक्षण सेवा लिइरहेका बालबालिकासँग भेट हुनेगरी समय मिलाई अनुगमन गर्नुपर्नेछ ।

३१. <u>अनुगमन गरिने बाल संरक्षण संयन्त्र तथा सेवाहरुः-</u> (१) अनुगमन टोलीले देहायको बाल संरक्षण संयन्त्रहरुमा रहेका बालबालिका र मापदण्डको कार्यान्वयन सम्बन्धी अवस्थाको अनुगमन गर्नेछः-

(क) वैकल्पिक हेरचाह सेवा प्रदान गरिरहेका बालबालिकाको आफन्त वा नातेदार र गाउँपालिकामा सूचीकृत व्यक्ति वा परिवार,

(ख) गाउँपालिकाकामा सूचीकृत परिवारमा आधारित हेरचाह गर्ने संस्था तथा बालगृह

(ग) गाउँपालिकामा सूचीकृत अस्थायी संरक्षण सेवा

(घ) गाउँपालिकासँग सहकार्यमा बाल हेल्पलाइन सेवा (१०९८)

(२) उपदफा (१) मा उल्लेखित संयन्त्रहरुमा संरक्षणमा रहेका बालबालिका बाहेक बालसुधारगृह भित्र सञ्चालनमा रहेको विद्यालय सहित गाउँपालिकाभित्र सेवा प्रदान गर्ने विद्यालय, स्वास्थ्य संस्था लगायतका संयन्त्रहरुबाट प्रवाह भएको सेवाहरु बालमैत्री रहेको वा नरहेको अनुगमन अनुगमन टोलीले गर्नुपर्नेछ ।

३२. <u>अनुगमनका लागि पूर्व सूचना -</u> (१) दफा ३१ बमोजिमको बाल संरक्षण सेवाहरुको अनुगमन गर्दा अनुगमन पूर्व सम्बन्धित सेवा प्रदायकहरुलाई अनुगमन गरिने मिति र समयको बारेमा कुनै पनि सञ्चारमाध्यमबाट पूर्व सूचना दिइनेछ ।



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि अनुगमन टोलीले कुनै उजुरी वा सूचनाको आधारमा जानकारी नदिइ नै आकस्मिक अनुगमन गर्न समेत सक्नेछ ।

३३. अनुगमन गरिने मुख्य विषयहरुः- (१) यस कार्यविधिको दफा ३१ को उपदफा (१) को खण्ड (क) बमोजिमको वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको अवस्था अनुगमन गर्दा देहाय बमोजिमको विषयहरुको अनुगमन गर्नुपर्नेछः-

(क) बालबालिकासँग पारिवारिक सदस्यहरुको व्यवहार

(ख) बालबालिकाको मनोसामाजिक सहित स्वास्थ्य अवस्था

(ग) बालबालिकाको संरक्षणको अवस्था

(घ) परिवारिक वातावरण सौहार्द रहे-नरहेको

(ङ) पारिवारिक आर्थिक अवस्था

(च) बालबालिकाको शैक्षिक अवस्था

(छ) बालबालिका खुसी रहे नरहेको

(ज) अनुगमन टोलीले आवश्यक ठानेका अन्य आवश्यक विषयहरु

(२) यस कार्यविधिको बमोजिमको वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको अवस्था तथा संस्थाको मापदण्ड अनुगमन गर्दा देहाय बमोजिमको विषयहरुको अनुगमन गर्नुपर्नेछः-

(क) नियमावलीको नियम ६४ तथा परिषदबाट जारी भएको बाल गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ अनुसारको देहाय बमोजिमको मापदण्ड पुरा गरे-नगरेको,

१. भौतिक पूर्वाधार तथा संरचना सम्बन्धी मापदण्ड
२. आवश्यक जनशक्तिको व्यवस्था सम्बन्धी मापदण्ड
३. आर्थिक स्रोतको व्यवस्था सम्बन्धी मापदण्ड
४. बालबालिकाको भर्ना प्रक्रिया सम्बन्धी मापदण्ड
५. बालबालिकाको भोजन तथा पोषण सम्बन्धी मापदण्ड
६. बालबालिकाको स्वास्थ्य र सरसफाइ सम्बन्धी मापदण्ड
७. शिक्षा, तालीम र अतिरिक्त क्रियाकलाप सम्बन्धी मापदण्ड
८. बाल संरक्षण, बालमैत्री वातावरण र आत्मसम्मानको सुनिश्चितता सम्बन्धी मापदण्ड
९. बाल क्लब गठन, सञ्चालन र बाल सहभागिता सम्बन्धी मापदण्ड

(ख) संरक्षणमा रहेका बालबालिका ऐनको दफा ४९ बमोजिमको वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका रहे-नरहेको



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(३) यस कार्यविधिको दफा ३२ उपदफा (१) को खण्ड (ग) बमोजिमको अस्थायी संरक्षण सेवामा रहेका बालबालिकाको अवस्था तथा संस्थाको मापदण्ड अनुगमन गर्दा देहाय बमोजिमको विषयहरुको अनुगमन गर्नुपर्नेछः-

(क) नियमावलीको नियम ६८ को उपदफा (३) बमोजिमको सेवाहरुमध्ये बालबालिकाको घटनाको प्रकृति र समाजसेवी तथा बालमनोविज्ञको प्रतिवेदनले अस्थायी संरक्षण सेवा प्रवन्ध गर्ने क्रममा सिफारिस गरेका आवश्यकता अनुसारका सेवाहरु बालबालिकाले प्राप्त गरे नगरेको

(ख) परिषदबाट जारी भएको बाल गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७१ अनुसारको बालमैत्री भौतिक पुर्वाधार, जनशक्तिको व्यवस्था, आर्थिक स्रोतको व्यवस्था, बालबालिकाको भर्ना प्रकृया सम्बन्धी विषयहरु

(४) अनुगमन गर्दा संरक्षणमा रहेका बालबालिकाको जन्मदर्ता वा नागरिकता भए नभएको र नभएको भएमा सो को लागि सहजीकरण गरे नगरेको, बालबालिकाको व्यक्तिगत घटना फाइलहरु छुट्टा छुट्टै राखी व्यवस्थित अभिलेखीकरण गरे नगरेको विषय अनिवार्य समावेश गर्नुपर्नेछ ।

३४. जोखिममा रहेका बालबालिकाको अवस्था अनुगमनः- (१) अनुगमन टोलीले कार्य योजना बनाई गाउँपालिकामा रहेका वैकल्पिक हेरचाह नभएका तथा जोखिममा रहेका वा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणको अवस्थाको बारेमा अनुगमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बालबालिकाको अनुगमन गर्दा बालबालिकाले उचित संरक्षण नपाएको देखिएमा देहाय बमोजिमको सेवाहरुको सुनिश्चितताका लागि बाल अधिकार समितिले सहजीकरण गर्नेछः-

(क) प्रचलित कानून बमोजिम सामाजिक सुरक्षाको दायरामा पर्ने बालबालिकाको सामाजिक सुरक्षाको व्यवस्था

(ख) पारिवारिक परामर्श तथा सहयोग गर्नुपर्ने बालबालिकाको लागि सो को व्यवस्था

(ग) पहिचानको अधिकारबाट वञ्चित भएका बालबालिकाको अधिकार कार्यान्वयनको लागि सहयोग

(घ) अनुगमनका क्रममा तत्काल उद्धार गर्नुपर्ने अवस्था देखिएमा स्थानीय प्रहरीसँगको सहकार्यमा उद्धार गरी अस्थायी संरक्षण सम्बन्धी व्यवस्था

(घ) अनुगमन टोलीले पहिचान गरेका अन्य सहयोगको व्यवस्था

३५. बाल हेल्पलाइन सेवा (१०९८) को अनुगमनः- (१) अनुगमन टोलीले यस कार्यविधि बमोजिम सहकार्यमा रहेको बाल हेल्पलाइन सेवा (१०९८) को अनुगमन गर्न सक्नेछ ।



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(२) उपदफा (१) बमोजिमको अनुगमन गर्दा मन्त्रालयबाट स्वीकृत भई जारी भएको बाल हेल्पलाइन सञ्चालनसँग सम्बन्धित कार्यविधिमा उल्लेख भएको सेवाको शर्त र मापदण्ड अनुसार सञ्चालनमा रहे-नरहेको र यस कार्यविधिको दफा २८ बमोजिमको गाउँपालिकासँगको वार्षिक कार्यसम्पादन सम्झौता अनुसार कार्यसम्पादन गरे नगरेको अनुगमन आवश्यकता अनुसार अनुगमन टोलीले गर्नेछ ।

३६. <u>दिशान्तर प्रक्रियामा रहेका बालबालिकाको सुधारको अवस्था अनुगमन</u>:- (१) अनुगमन टोलीले ऐनको दफा २९ को उपदफा (१) को खण्ड (न) बमोजिम बालकल्याण अधिकारीको सुपरीवेक्षण र निर्देशनमा रहने गरी दिशान्तर गर्दा छाडिएका बालबालिकाको सुधार सम्बन्धी देहायका विषयहरुको प्रत्येक चार चार महिनाको तुलनात्मक अवस्था अनुगमन गर्नेछः-

(क) मनोसामाजिक लगायत स्वास्थ्यको अवस्था

(ख) व्यवहार

(ग) कम्तिमा विगत तीन महिनाको दैनिक कार्यतालिका

(घ) खानपान

(ङ) औपचारिक वा अनौपचारिक शिक्षाको अवस्था

(च) सीपमूलक तालिम

(छ) बालबलिकाको भावी योजना

(२) उपदफा (१) बमोजिमको तुलनात्मक अनुगमनको अवस्थाको आधारमा गाउँपालिकाभित्र दिशान्तर प्रकृया अन्तर्गत पुनःस्थापनाका लागि छाडिएका बालबालिकाको व्यवहार र सुधारको अवस्थाको सम्बन्धी प्रतिवेदन अनुगमन टोलीले स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नेछ ।

३७. <u>अनुगमन टोलीले पालना गर्नुपर्ने आचारसंहिता</u>:- (१) अनुगमन टोली गठन गर्दा अनुगमन टोलीले पालना गर्नुपर्ने आचारसंहिता समेत स्वीकृत गरी लागू गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको न्यूनतम आचारसंहिता देहाय बमोजिमको हुनेछः-

(क) बालबालिकालाई बालसंवेदनशील प्रक्रिया र व्यवहार (बोली, व्यवहार, शैली र विधिहरू) अपनाउने ।

(ख) बालबालिकासँग कुराकानी गर्दा के विषयमा कुरा गर्न लागेको हो सो को जानकारी गराउने तथा सहमती लिने ।

(ग) बालबालिकालाई त्रास, भय, मानसिक तथा शारीरिक पीडा रहित वातावरणको सूनिश्चितता गर्ने ।



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(घ) अनुगमनका क्रममा देखिएका वा संकलन गरिएका कानुनी प्रमाण र सम्बन्धीत तथ्यलाई सुरक्षित राख्ने ।

(ङ) सानो उमेरका, शारीरिक तथा मानसिक अपाङ्गता भएका, बिरामी र घाइते अवस्थाका बालबालिकासँग छलफल गर्दा उनीहरूको विशेष र थप संवेदनशीलतालाई ख्याल गर्नुपर्ने ।

(च) बालबालिकाको गोपनीयता कायम गर्न उच्च सर्तकता अपनाउने,

(छ) अनुगमनको क्रममा सञ्चार माध्ययमहरुमा आउने वा आउनसक्ने समाचारहरुमा बालसंवेदनशीलताको सूनिश्चित गर्न विशेष ध्यान दिने ।

(ज) अनुगमनसँग सम्बन्धीत आवश्यक प्रमाणहरुको लागि बालबालिका तथा संरक्षकको सहमतिमा फोटो, भिडियोहरु खिचेर सुरक्षित गर्ने ।

(झ) अनुगमनको क्रममा बालबालिकालाई कुटपिट, गाली, दुर्व्यवहार वा असहज हुने कुनै पनि कार्य नगर्ने ।

(ञ) बालबालिकासँग यौनजन्य शव्दको प्रयोग, इसारा, वार्तालाप वा क्रियाकलाप नगर्ने ।

(ट) बालबालिकाको इच्छा विपरीत हात मिलाउने, उनीहरूलाई छुने लगायतका व्यवहार वा कार्य नगर्ने ।

(ठ) बालबालिकासँग तोकिएको सुरक्षित स्थान बाहेक अनुगमनको क्रममा एक्ला-एक्लै भेटघाट गर्ने तथा एकान्तमा नबस्ने ।

(ड) कुनै पनि परिस्थितिमा बालबालिकाको सम्पत्ति, पारिवारिक अवस्था, चरित्र, निज बालबालिका वैकल्पिक स्याहारमा आउनु पर्नाका कारण र निजलाई हिनताबोध वा ग्लानी हुने खालका विवरण कुनै पनि माध्यमबाट सार्वजनिक नगर्ने, नगराउने ।

(ढ) बाल अधिकार समितिले आवश्यक ठानेका अन्य विषयहरु

३८. <u>अनुगमन खर्च व्यवस्थापनः</u>- (१) यस कार्यविधि बमोजिमको अनुगमन कार्यका लागि अनुगमनकर्ताको भ्रमण भत्ता, खाना, खाजा र यातायात खर्चको व्यवस्थापन गाउँपालिकाको वार्षिक कार्यक्रममार्फत गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको वजेट विनियोजन नभएमा वा वजेट अपर्याप्त भएमा ऐनको दफा ६३ बमोजिम गाउँपालिकामा स्थापना भएको बालकोषबाट बाल अधिकार समितिको सिफारिसमा गाउँपालिकाले यस सम्बन्धी खर्चको व्यवस्थापन गर्न सक्नेछ ।

३९. <u>अनुगमन र प्रतिवेदन-</u> (१) बाल अधिकार समिति वा अनुगमन टोलीले यस कार्यविधि बमोजिमको अनुगमन कार्य गर्दा देहाय बमोजिमको प्रकृयामार्फत अनुगमन गर्न सक्नेछः



राज समझ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

(क) सम्बन्धित संयन्त्रहरुबाट प्राप्त आवधिक प्रतिवेदन अध्ययन (मासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक)

(ख) सूचना प्रणाली

(ग) प्रत्यक्ष अनुगमन भ्रमण

(घ) सञ्चार मार्फत अनुगमन

(२) प्रत्यक्ष भ्रमण गरी अनुगमन कार्य गर्दा सम्बन्धित भौतिक संरचनाको निरीक्षण, सेवा प्रदायक व्यक्ति वा संस्थाका सञ्चालकहरुसँगको छलफल, बालबालिकासँगको प्रत्यक्ष कुराकानी, छिमेकी वा समाजसेवीसँगको छलफल लगायतका प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

४०. <u>अनुगमन प्रतिवेदन र कारवाही:</u> (१) यस कार्यविधि बमोजिम अनुगमन गरिएका बाल संरक्षण सेवाहरुको अनुगमन टोलीले अनुसूची-५ बमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन निर्माण गरी प्रतिवेदनमा अनुगमन टोलीका सबै सदस्यहरुले हस्ताक्षर गरी बालअधिकार समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) प्रतिवेदन निर्माणका लागि बाल संरक्षण सेवाहरुको अनुगमन गर्दा अनुसूची-६ बमोजिमको अनुगमन चेकलिस्टमा अनुगमन गर्दाका बखत नै विवरणहरु अभिलेखीकरण गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अनुगमन प्रतिवेदन अध्ययन गरी बाल अधिकार समितिले प्रतिवेदनले सुझाएका विषयहरुको सम्बोधन गर्नेछ ।

(४) प्रतिवेदनमा परिवारमा आधारित संस्था वा बालगृह वा अस्थायी संरक्षण सेवा वा बाल हेल्पलाइन सेवाले मापदण्ड पुरा नगरेको पाइएमा बढीमा २ महिनासम्मको अवधि दिई मापदण्ड पुरा गर्नका लागि बाल अधिकार समितिले निर्देशन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको निर्देशन पालना भए नभएको विषयको अनुगमनका लागि तोकिएको अवधि सम्पन्न भए पश्चात अनुमन टोली वा बाल अधिकार समिति आफैंले अनुगमन गर्न सक्नेछ र उक्त अवधिमा समेत निर्देशन पालना नभएको पाइएमा त्यस्ता बाल संरक्षण सेवा प्रदायकहरुको सञ्चालन अनुमति खारेजीका लागि देहाय बमोजिमको कागजातहरु संलग्न गरी परिषदमा सिफारिस गर्नेछः

(क) सञ्चालन अनुमति खारेजीका लागि सिफारिस पत्र

(ख) बाल अधिकार समितिको निर्णयको प्रतिलिपि

(ग) अनुगमन प्रतिवेदन

(६) उपदफा (१) बमोजिमको अनुगमन प्रतिवेदनका आधारमा बाल संरक्षण सेवा प्रदायकमा बालबालिका विरुद्धको कसूर भएको पाइएमा अनुगमन प्रतिवेदनले गरेको सिफारिस समेतका



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

CamScanner

आधारमा त्यस्ता व्यक्ति वा संस्थालाई कानूनी कारवाहीका लागि सम्बन्धित निकायमा स्थानीय बाल अधिकार समितिले उजुरी दिन सक्नेछ ।

(७) यस दफा बमोजिमको अनुगमन प्रतिवेदनहरुको आधारमा वैकल्पिक हेरचाहमा भएका रहेका बालबालिकाको संरक्षण, हेरचाह, शिक्षा तथा स्वास्थ्यको अवस्था लगायतको विषयहरु समावेश भएको एकिकृत प्रतिवेदन तयार गरी बाल कल्याण अधिकारीले प्रत्येक चार चार महिनामा बाल अधिकार समिति, प्रदेश बाल अधिकार समिति, परिषद् तथा मन्त्रालयमा पठाउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम बाल अधिकार समितिले प्राप्त गरेको एकिकृत प्रतिवेदनका आधारमा कुनै बालबालिकाले वैकल्पिक स्याहार प्रदायकबाट उचित संरक्षण नपाएको देखिएमा नियमावलीको नियम ६१ बमोजिम सम्बन्धित व्यक्ति वा संस्थालाई कारवाहीका लागि वा संरक्षक परिवर्तनका लागि सम्बन्धित निकायमा निवेदन दिनेछ ।

## परिच्छेद ७
## शिशु स्याहार तथा विकास सहजीकरण केन्द्र सम्बन्धी व्यवस्था

४१. <u>शिशु स्याहार केन्द्र सञ्चालन</u> - (१) ६ महिनादेखि ३ बर्ष उमेर सम्मका शिशुको दैनिक स्याहार, विकास तथा पोषणका लागि गाउँपालिकामा आवश्यकता अनुसार शिशू स्याहार सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको शिशु स्याहार केन्द्र वडा तहमा सञ्चालनमा रहने प्रारम्भिक बाल विकास केन्द्रमा नै रहने गरी व्यवस्थापन गरिनेछ ।

(३) उपदफा (१) बमोजिम सञ्चालन गरिने शिशु स्याहार केन्द्रमा देहायका न्यूनतम सेवा सुविधा हुनुपर्नेछः-

(क) दैनिक तीन पटकको पोषणयुक्त खाना तथा खाजाको व्यवस्था

(ख) प्राथमिक स्वास्थ्य उपचारको व्यवस्था

(ग) स्थानीय परिवेशमा उपयुक्त अनुभव, कुराकानी, बालगीत निदौरी, कथा, खोज अभिनय, एवम विभिन्न खेलको व्यवस्था

(घ) बालबलिकाको आरामदायी सुत्ने व्यवस्था

(ङ) स्वच्छ पिउनेपानीको व्यवस्था (तातो समेत)

(४) यस दफा बमोजिमको शिशु स्याहार केन्द्र शनीबार बाहेक हसामा ६ दिन विहान ९:३० देखि दिउसो ४:३० सम्म सञ्चालन गर्नुपर्नेछ ।



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

४२. प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन - (१) ३ वर्षदिखि ४ वर्षसम्मका बालबालिकालाई बालमैत्री वातावरणमा शारीरिक, सामाजिक, भाषिक, बौद्धिक, तथा प्रारम्भिक सिकाई सुनिश्चित गर्ने उद्देश्यले गाउँपालिकाका सबै वडामा प्रारम्भिक बाल विकास केन्द्रलाई प्रभावकारी सञ्चालन गरिनेछ ।

(२) प्रारम्भिक बाल विकास केन्द्रमा देहाय बमोजिमको सेवा सुविधा तथा क्रियाकलाप सञ्चालन गर्नुपर्नेछः-

(क) बालबालिकालाई राम्रो स्वास्थ्य ,उचित स्याहार तथा पोषण, सुरक्षा र संरक्षण, उत्प्रेरणा र सिकाईको व्यवस्था

(ख) स्थानीय परिवेशमा उपुयक्त अनुभव, कुराकानी, बालगीत, कथा, खोज अभिनय, एवम विभिन्न अतिरिक्त क्रियाकलापको माध्यमबाट सिकाउने व्यवस्था

(ग) स्वच्छ पीउने पानी तथा नियमित निगरानीको व्यवस्था

४३. स्थानीय व्यवस्थापन समिति - (१) प्रारम्भिक बाल विकास केन्द्र एवम् शिशू स्याहार केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि प्रत्येक वडामा देहाय बमोजिमको स्थानीय व्यवस्थापन समिति रहनेछः-

| | |
|---|---|
| अध्यक्षः | "अध्यक्ष" वडा अध्यक्ष वा अध्यक्षले तोकेको वडा सदस्य |
| सदस्यः | अभिभावक (आमाबाबु ) |
| सदस्यः | वडा सदस्य/दलित महिला |
| सदस्यः | प्रमूख (शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, कृषि, पशु शाखा) |
| सदस्यः | स्थानीय महिला स्वास्थ्य स्वयम् सेविका (१ जना) |
| सदस्यः | प्रारम्भिक बालविकास विज्ञ (१ जना)/समाज सेवी |
| सदस्यः | वडास्तरीय बाल क्लव प्रतिनिधि |
| सदस्यः | वडास्तरीय महिला समूह प्रतिनिधि |
| सदस्य-सचिवः | बाल विकास शिक्षक |

(२) उपदफा (१) बमोजिमको स्थानीय व्यवस्थापन समितिको वैठक प्रत्येक ३ महिनामा बस्नेछ ।

(३) स्थानीय व्यवस्थापन समितिको वैठकमा शिशु स्याहार सम्बन्धी विषय विज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

(४) अन्यत्र उल्लेख भएको अरिक्त स्थानीय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) शिशु स्याहार केन्द्र तथा प्रारम्भिक बाल विकास केन्द्रलाई गाउँपालिकाको सामाजिक विकास शाखाको संयोजकत्वमा बहुपक्षिय शाखा बाट एकीकृत गुणस्तरीय, प्रभावकारी एवम् समावेशी सेवा सञ्चालन गर्ने व्यवस्था मिलाउने



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

CamScanner

(ख) वडास्तरमा सञ्चालनमा रहेका शिशु स्याहार केन्द्रहरुको अनुगमन गरी उपदफा (२) बमोजिमको सेवा सुविधा रहे नरहेको मुल्याङ्कन गर्ने र सो को प्रतिवेदन बाल अधिकार समितिमा पेश गर्ने

(ग) शिशु स्याहार केन्द्र सञ्चालनका लागि आवश्यक आर्थिक स्रोत साधन तथा जनशक्तिको व्यवस्थापनका लागि गाउँपालिकामा सहजीकरण गर्ने

(घ) वडामा प्रारम्भिक उमेरका बालबालिकाको सर्वाङ्गीण पक्षको विकास गर्न अभिभावक, महिला स्वास्थ्य स्वयमसेविका तथा कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरुको तर्जुमा गरी गाउँपालिकामा पेश गर्ने

(ङ) गाउँपालिका भित्र सञ्चालित बाल विकास सेवामा कार्यरत कर्मचारीहरु, बालबालिका तथा बालविकास सम्बन्धी कार्यक्रमहरुको विवरण अभिलेखीकरण गर्ने

(च) बाल अधिकार समितिले तोकेका अन्य कार्यहरु गर्ने

४४. भौतिक पूर्वाधार सम्वन्धी व्यवस्थाः (१) साविक केन्द्रको स्तरमा सुधार गरी प्रारम्भिक बाल विकास केन्द्रको भौतिक पूर्वाधार राष्ट्रिय न्युनतम मापदण्ड, २०७७ अनुरुप तोकिए बमोजिम गरिनेछ ।

४५. केन्द्रको कर्मचारी सम्बन्धी व्यवस्थाः- (१) गाउँपालिकाका क्षेत्रभित्र सञ्चालित प्रारम्भिक बाल विकास केन्द्र तथा शिशु स्याहार केन्द्रमा आवश्यक कर्मचारी नियुक्ति गर्न गाउँपालिकाले अनुसूची-७ बमोजिमको दरबन्दी सिर्जना गर्न सक्नेछ ।

(२) केन्द्रलाई आवश्यक पर्ने कर्मचारी उपदफा (१) बमोजिम सिर्जना गरिएको दरबन्दीको आधारमा स्थानीय व्यवस्थापन समितिले गाउँपालिकाको समाज कल्याण महाशाखा, सामुदायिक विकास शाखाको संयुक्त समन्वयमा नियमानुसार कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(३) कार्यक्रमको कामको प्रकृति तथा चापको आधारमा ज्यालादारी वा करारमा शिक्षक वा कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नियुक्त कर्मचारीलाई आवश्यकता अनुसार म्यादथप गर्न सकिने छ वा करार अवधि सकिए पछि स्वतः पद रद्द हुनेछ ।

(५) प्रारम्भिक बाल विकास केन्द्र तथा शिशु स्याहार केन्द्रमा नियुक्त हुने कर्मचारीको शैक्षिक तथा अन्य योग्यता अनुसूची-७ बमोजिम हुनेछ ।

(६) प्रारम्भिक बाल विकास केन्द्र तथा शिशु स्याहार केन्द्रका कर्मचारीहरुको तलब सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-



राज समझ चौधरी
गा.पा. अध्यक्ष

(क) शिशु स्हाहार केन्द्रको सहजकर्ताको तलब स्थानीय व्यवस्थापन समितिले तोके बमोजिम हुने ।

(ख) बालविकास केन्द्रमा नियुक्त भएका कर्मचारीले प्रचलित कानुन बमोजिम तलब पाउने ।

(ग) बालविकास केन्द्रको कर्मचारीले हाजिर भई काम गरेको मिति देखि केन्द्रले निर्धारण गरेको तलव स्केल अनुसार महिना पाउने ।

(घ) बालविकास केन्द्रमा कार्यरत कर्मचारीका लागि सुविधा वापत हितकोषको व्यवस्थापन गरिने जसमा बालविकास केन्द्रमा कार्यरत २ वर्ष नाघेका कर्मचारी वा शिक्षकले खाइपाई आएको तलवबाट प्रत्येक महिनाको १० प्रतिशत कट्टा गरी सो रकममा सत प्रतिशत थप गरी हुन आउने रकम कर्मचारी हितकोषमा जम्मा गरिने ।

(ङ) बालविकास केन्द्रमा कार्यरत कर्मचारी वा शिक्षकको तलवमामान एकरुपता कायम गरिने छ ।

(च) कर्मचारीको अनुगमन मूल्याङ्कनको आधारमा अन्य सुविधाको व्यवस्था गरिने ।

(७) बालविकास केन्द्रमा कार्यरत कर्मचारीले देहाय बमोजिम विदा पाउने छन्:-

क) भैपरि आउने विदाः केन्द्रमा कार्यरत कर्मचरी वा शिक्षकले वर्षमा १२ दिन भैपरीआउने वा विरामी विदा पाउने छन् । यो विदा आधा दिन पनि लिन सकिने छ । यो विदा संचित भएमा कुनै पनि सुविधा पाउने छैन ।

ख) किरिया विदाः कर्मचारी आफै किरिया बस्नु परेमा कुलधर्म हेरी १५ दिन सम्म किरिया विदा बस्न पाउने छ ।

ग) बेतलवी विदा बसेको र गयल भएको अवस्थामा वाहेक स्वीकृति लिई बसेको विदाको अवधिभर पुरै तलव पाउने छ । साथै स्थानीय व्यवस्थापन समितिले तोके बमोजिम सार्वजनिक बिदा पाउने छ ।

८. <u>सेवाको अन्त्य हुनेः</u>- (१) बालविकास केन्द्रमा कार्यरत कर्मचारी वा शिक्षकको निम्न अवस्थामा सेवाको समाप्ति हुनेछः-

(क) बालविकास केन्द्रमा कार्यरत कर्मचारीले तोकिएको अवधि बाहेकको अवस्थामा ३० दिन अगावै लिखित सुचना दिई आफ्नो पदबाट राजिनामा दिएमा ।

(ख) कर्मचारीको मृत्यु भएमा

(ग) बाल संरक्षण मापदण्ड तथा नीति उल्लङ्घन गरेमा

(घ) बालबालिका विरुद्धको कसूर गरेमा वा अन्य फौजदारी अभियोग लागेमा



राज समक्ष चौधरी
अध्यक्ष

CamScanner

(२) उपदफा (१) बमोजिम सेवाको अन्त्य भएका कर्मचारीले आफ्नो जिम्मामा भएका सम्पूर्ण नगद, जिन्सी र अन्य कागजपत्र तोकिएको कर्मचारीलाई हस्तान्तरण गरिनु पर्नेछ ।

वृति विकास सम्वन्धि व्यवस्था:- (१) प्रत्येक बालविकास केन्द्रले जनशक्ति विकासका लागि कर्मचारीहरुलाई वृत्ती विकासको अवसर निम्न आधारमा गरिनेछः

क) पद अनुसार कामको लागि क्षमता अभिवृद्धि गर्नुपर्ने अवस्थामा तालिमको व्यवस्था गर्ने ।

ख) कार्यरत कर्मचारीको कार्य सम्पादन ,नेतृत्व

ग) शैक्षिक योग्यता

घ) विशेष योगदान

ङ) जेष्ठता

च) तालिमबाट प्राप्त हुने अपेक्षित प्रतिफलको मुल्याङ्कन

च) अभिभावक तथा बालबालिकाले गरेको मूल्याङ्कन

कर्मचारीको पोशाक सम्वन्धी व्यावस्थापनः (१) बालविकास केन्द्रमा कार्यरत कर्मचारीलाई एकरुपता कायम गर्न गाउँपालिकाबाट तोकिएको पोशाक अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

अनुशासन तथा आचरण सम्वन्धी व्यवस्था:-(१) बाल विकास केन्द्रमा काम गर्ने कर्मचारीले देहाय बमोजिमको अनुशासन र आचरणको पालना गर्नुपर्नेछः-

(क) आफुलाई पदस्थापना गरिएको कार्यालयमा रही कार्यसम्पादन करारनामा अनुसार इमान्दारीपूर्वक केन्द्रको सेवा गर्ने कर्मचारीको कर्तव्य हुनेछ ।

(ख) प्रत्येक कर्मचारीले बाल संरक्षण नीति पालना गर्नु पर्नेछ

(ग) प्रत्येक कर्मचारी कार्यालयमा नियमित तथा समयमा नै उपस्थिति हुनुपर्ने छ ।

(घ) केन्द्रको पूर्व स्वीकृति नलिई अन्यत्र नोकरी गर्न पाइने छैन ।

(ङ) कुनै पनि कर्मचारीले केन्द्रसंग सम्वन्धित गोपनियता सम्बन्धी अधिकार बाहेक अन्यत्र कुनै पनि परिस्थितिमा र कुनै पनि प्रकारले प्रकट गर्न पाइने छैन ।

(च) अधिकार प्राप्त कर्मचरीले लिखित अनुमति वेगर कुनै कर्मचारीले केन्द्रको सम्पति कसैलाई दिनु वा लिनु हुदैन ।

(छ) केन्द्रको कार्य समितिद्धारा समय समयमा निर्धारित आर्थिक, प्रशासन, नियम निर्देशिका आदेश र निर्णय पालना गर्नुपर्नेछ ।

(ज) कर्मचारीहरुको आचारण र अनुशासनमा सुधार ल्याउन आवश्यक्ता अनुसर समितिले अन्य शर्तहरु थपघट गर्न सकिने छ ।

(झ) नगरपालिकाको अनुसूची-८ मा उल्लेखित बाल संरक्षण मापदण्ड तथा आचारसंहितालाई सबै कर्मचारीले हस्ताक्षर गरेको हुनुपर्नेछ ।



राज समझ चौधरी
गा.पा. अध्यक्ष

आर्थिक व्यवस्थापनः-(१) बालविकास कार्यक्रम संचालन गर्नका लागि संघ, प्रदेश सरकार तथा पालिकाबाट प्राप्त स्रोतबाट व्यवस्थापन गरिनेछ ।

(२) बालविकास सेवा समितिको आर्थिक कारोवार बैङ्कबाट गरिने छ र बालविकास सेवा समितिमा गरिएको हर हिसाव आन्तरिक लेखा परिक्षण गरी चुस्त र दुरुस्त राखिने छ ।

(३) उपदफा (२) बमोजिमको हिसाब कार्य समितिद्धारा पारित गरिएको हुनुपर्नेछ ।

(४) बालविकास केन्द्रको आर्थिक स्रोत मजबुद बनाउन वडा आफैले वा नगरपालिकाले संघ, प्रदेश सरकार अन्य संघ संस्थाहरुमा समन्वय तथा सहकार्य गर्नेछ ।

सँजाय सम्बन्धी व्यवस्थाः (१) अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कर्मचारीले पदीय मर्यादा एवम् दायित्व विपरित कार्य गरेको उचित र पर्याप्त कारण तथा प्रमाण भएमा स्थानीय व्यवस्थापन समितिले कर्मचारीलाई देहाय बमोजिम सजाय गर्न सक्नेछः-

(क) नसिहत दिने
(ख) तलब वृद्धि वा पदोन्नति रोक्का गर्ने
(ग) जानाजानी लापरवाहीमा नियम आदेशको पालना नगर्नाले केन्द्रलाई हुन आएको नोक्सानीको सम्पूर्ण वा आशिक रकम तलवबाट वा प्रचलति कानुन बमोजिम कट्टा गरी असुल उपर गर्ने ।
(घ) नोकरीबाट बर्खास्त गर्ने ।

(२) देहायका कुनै पनि अवस्थामा कर्मचारीलाई नसिहत दिन सकिने छ ।

(क) चेतावनी दिदा पनि नसुध्रेमा ।
ख) आफ्नो काममा सुस्ताई र हेलचेक्राई गरेमा ।
ग) अनुशासन पालना नगरेमा ।

(३) देहायको कुनै अवस्थामा कर्मचारीको तलब बृद्धि वा पदोन्नती रोक्का गर्न सकिने छ ।

(क) नसिहत पाएपछि पनि नसुध्रेमा ।
(ख) नसिहत पाएपछि पनि सन्तोषजनक काम नगरेमा ।
(ग) व्यवस्थापन समितिको निर्देशनमा पालना नगरेमा ।
(घ) लापरवाही गरी केन्द्रलाई हानी नोक्सानी गरेमा वा गराएमा ।
(ङ) आफ्नो कामको जिम्मेवारी वहन गर्न नसकेमा ।

(४) देहायको अवस्थामा कुनै कर्मचारीलाई केन्द्रको सेवाबाट कसुरको मात्रा हेरी सामान्यतया अयोग्य नठहरिने गरी वा अयोग्य ठहरिने गरी बर्खास्त गर्न सकिने छ ।

क) अयोग्यताको कारण आफ्नो पढको काम र जिम्मेवारी पुरा गर्न नसकेमा ।
ख) नैतिकपतन देखिने फौजदारीको अभियोग अदालतबाट प्रमाणित भएमा ।



राज समझ चौधरी
गा.पा. अध्यक्ष

ग)आर्थिक इमान्दारिता नभएमा वा भ्रष्टाचार गरेमा ।

घ) आचरण, अनुशासन र नियमहरु बारम्बार उलंघन गरेमा ।

ङ) केन्द्रको काममा बेइमानी गरेमा ।

च) केन्द्रको प्रतिष्ठामा आघात पुर्याएमा ।

छ) केन्द्रमा जानाजानी वा लापरवाही गरी बारम्बार केन्द्रको हानी नोक्सानी गरे वा गराएमा ।

(५) यस दफामा उल्लेखित कारवाही गर्दा स्थानीय व्यवस्थापन समितिबाट प्रमाण सहित संलग्न गर्नु पर्नेछ ।

तर, कुनै कर्मचारीलाई कारवाही गर्दा निजलाई स्पष्टीकरण दिने मौका दिइनु पर्दछ ।

## परिच्छेद-८
## बाल कोष सम्बन्धी व्यवस्था

१२. बालकोष -(१) गाउँपालिका क्षेत्रभित्र बालबालिकाको सरक्षण, उद्दार, अस्थायी संरक्षण सेवा, स्वास्थ्य उपचार, शैक्षिक प्रवन्ध, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना समेत गराउने कामका लागि एक ऐनको दफा ६२ बमोजिमको बाल कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ ।

(क) संघ, प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त रकम,

(ख) गाउँपालिकाले कोषको लागि विनियोजन गरेको रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) स्वदेशी संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) न्यायिक समितिबाट बालबालिका विरूद्ध हिसाका घटनामा गरिएको जरिवानाबाट प्राप्त हुन सक्ने रकम,

(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) दफा (२) को खण्ड (ग) बमोजिम रकम प्राप्त गर्न प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(४) कोषको रकम देहायको अधिनमा रहि उपयोग गरिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्न, गराउन,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार गर्न,



राज समझ चौधरी
गा.पा. अध्यक्ष

(ग) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई संरक्षण गर्न वा अस्थायी संरक्षण सेवाको प्रवन्ध गर्न,

(घ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको शैक्षिक प्रवन्ध, स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्न, गराउन,

(ङ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको परिवारको खोजी गर्न, अनुगमन गर्न परिवार सुदृढीकरण गर्न, बालबालिकालाई परिवारमा पुनर्मिलन तथा पुनःस्थापना गर्न, गराउन,

(च) यस कार्यविधिको परिच्छेद-६ बमोजिमको बाल संरक्षण सेवाको अनुगमन सम्बन्धी कार्य गर्न ।

(छ) अदालतको आदेशानुसार स्थानीय तहभित्रका बालबालिकालाई क्षतिपूर्ति दिन

(ज) खण्ड (क) देखि (छ) मा उल्लेखित कार्यसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्न, गराउन ।

(५) समितिको बैठक भत्ता, खाजा, भ्रमण, मसलन्द, छपाई, पत्रपत्रिका, विज्ञापन लगायतका कुनै पनि प्रशासनिक कार्यका निमित्त कोषको रकम खर्च गर्न पाइने छैन ।

तर उपदफा ४ बमोजिमको कार्य सम्पादन गर्न लाग्ने यातायातको प्रयोग लगायतका अत्यावश्यकीय कार्यमा रकम खर्च गर्न यस दफाले बाधा पुर्‍याएको मानिने छैन ।

: <u>बाल कोष सञ्चालक समितिः</u> (१) बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक स्थानीय बाल कोष सञ्चालक समिति रहनेछः-

(क) बाल अधिकार समितिका अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) लेखा प्रमुख - सदस्य

(घ) स्थानीय बाल अधिकार समितिका सदस्यमध्ये समितिले तोकेको १ जना– सदस्य

(ङ) सामाजिक विकास समितिका संयोजक -सदस्य

(च) नगरपालिकाभित्र बाल अधिकारको क्षेत्रमा कार्यरत सामाजिक संस्थाबाट संयोजकबाट मनोनित व्यक्ति १ जना -सदस्य

(छ) बाल कल्याण अधिकारी - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको बाल कोष सञ्चालक समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजको पुनः मनोनयन हुन सक्नेछ ।



कार्यपालिकाको कार्यालय टिकापुर/धनगढी... सुदूरपश्चिम प्रदेश, नेपाल
राज समझ चौधरी
अध्यक्ष
CamScanner

बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार: (१) बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ-

(क) तत्कालीन समयमा स्थानीय तहभित्र आपत्कालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका स्थानीय बाल संरक्षण समिति, गाउँ बाल संरक्षण समिति र वडा बाल संरक्षण समिति लगायतका नाममा रहेका बाल कोषहरुको रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने गराउने,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापन गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक क्रियाकलापहरु सञ्चालन गर्ने,

(ग) कोषको रकमको संरक्षण गर्ने र प्राप्ती गर्ने

(घ) कोष बृद्धिको लागि स्रोतको खोजी गर्ने, आवश्यक रचनात्मक तथा प्रवर्द्धनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने,

(ङ) सहयोगको आवश्यकता भएका बालबालिकालाई दफा ५३ को उपदफा (४) बमोजिमको बाल कोषको प्रयोग र दफा ५९ बमोजिमको खर्चको सीमाको आधारमा सहयोग गर्ने ।

(च) बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा काम गरिरहेका वा गर्न इच्छुकसंघसंस्था वा व्यक्तिसँग समन्वय गर्ने ।

(छ) बाल कोष सञ्चालक समितिबाट गरिने क्रियाकलापको अनुगमन गर्ने वा गराउने

(ज) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणको निम्ति बाल कोष सञ्चालक समितिले आवश्यक ठानेको अन्य उपयुक्त कार्य गर्ने, गराउने ।

(२) आफ्नो काम, कर्तव्य तथा अधिकारको परिपालना गर्दा बाल कोष सञ्चालक समितिले गाउँपालिकाको गाउँबालअधिकार समिति, वडा बालअधिकार समिति एवं बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा काम गरिरहेका वा गर्न इच्छुक सङ्गसंस्था वा व्यक्तिसँग समन्वय एवं सहकार्य गर्न सक्नेछ ।

बाल कोष सञ्चालक समितिको बैठक: (१) बाल कोष सञ्चालक समितिको बैठक त्रैमासिक रुपमा बस्नेछ तर भैपरि अवस्था आइपरेमा आवश्यकता अनुसार बस्नसक्नेछ ।

(२) बाल कोष सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) बाल कोष सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगाडि समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनुपर्नेछ ।

(४) बाल कोष सञ्चालक समितिको कूल सदस्य संख्याको ५१ प्रतिशत बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

गाउँपालिकाको कार्यालय
पुरुन्धिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

(५) बाल कोष सञ्चालक समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । तर कुनै कारणवश अध्यक्ष उपस्थित हुन नसकेमा बाल कोष सञ्चालक समितिका जेष्ठ सदस्यले बाल कोष सञ्चालक समितिको अध्यक्षता गर्नेछ ।

(६) बाल कोष सञ्चालक समितिले सर्वसम्मतिका आधारमा निर्णय गर्नेछ र सर्वसम्मत नभएमा बहुमतको निर्णयलाई बाल कोष सञ्चालक समितिको निर्णय मानिनेछ ।

तर सदस्यहरूको मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) बैठकमा आमन्त्रित व्यक्ति वा विशेषज्ञको मताधिकार हुनेछैन ।

(८) बाल कोष सञ्चालक समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नुपर्नेछ ।

(९) बाल कोष सञ्चालक समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

<u>वडास्तरीय बालकोषः</u> (१) गाउँपालिकाको सम्बन्धित वडा समितिले निर्णय गरी वडामा वडास्तरीय बालकोषको स्थापना गर्न सकिनेछ ।

(२) वडास्तरीय बालकोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) गाउँपालिकाले सम्बन्धित वडास्तरीय बालकोषको लागि विनियोजन गरेको रकम,

(ख) वडा समितिले वडास्तरीय बालकोषको लागि विनियोजन गरेको रकम,

(ग) गाउँपालिकामा बालसंरक्षणको क्षेत्रमा क्रियाशील निकाय, संघसंस्थाले वडास्तरीय बालकोषको लागि प्रदान गरेको रकम,

(घ) स्वदेशी सङ्घसंस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) वडास्तरीय बालकोषको सञ्चालन र व्यवस्थापनका लागि एक देहाय बमोजिमको वडास्तरीय बालकोष सञ्चालन र व्यवस्थापन समिति रहनेछः-

(क) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य -संयोजक

(ख) वडा कार्यालयको सचिव -सदस्य

(ग) वडास्तरमा बालअधिकारको क्षेत्रमा काम गर्ने संस्था वा स्वाथ्य स्वयंसेविका वा स्थानीय समाजसेवी मध्येबाट वडा समितिले मनोनित गरेको प्रतिनिधि एकजना -सदस्य

(घ) वडा अध्यक्षले तोकेको कम्तिमा चौथो तहसम्मको कर्मचारी -सदस्य सचिव



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(४) उपदफा ३ को खण्ड (ग) बमोजिमको सदस्यको कार्यकाल दुई वर्ष हुनेछ र निज पुनः मनोनयनका लागि योग्य हुनेछ ।तर सिमितिमा रहनुपर्ने सदस्यहरु निर्वाचन भइ कार्यभार नभएको विशेष परिस्थिति आपरेमा उक्त समितिले नै अर्को व्यवस्था नहुदा सम्मको लागी कार्य गर्नेछन ।

(५) वडास्तरीय बालकोषको सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वडास्तरीय बालकोषको रकम यस कार्यविधिको दफा ५.३ को उपदफा (४) बमोजिमको कार्यहरूमा मात्र खर्च गर्ने प्रबन्ध गर्नु, गराउनु

(ख) बालबालिकाको उद्धार, अस्थायी संरक्षण सेवा, स्वास्थ्योपचार, शैक्षिक प्रबन्ध, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना गर्ने, गराउने कार्यका लागि वडा भित्रका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गरी त्यसबारे समितिमा सिफारिस गर्ने,

(ग) बालकोष वृद्धिको लागि स्रोतको खोजी गर्ने, आवश्यक रचनात्मक तथा प्रवर्द्धनात्मक क्रियाकलापहरू गर्ने, गराउने तथा कोषको रकमको संरक्षण एवं सदुपयोग गर्ने,

(ग) बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा काम गरिरहेका वा गर्न ईच्छुक सङ्घसंस्था वा व्यक्तिसँग समन्वय गर्ने,

(घ) बालकोषको आय-व्ययको विवरण तथा भए गरिएका कामको प्रतिवेदन अर्धवार्षिक रूपमा दफा ५.४ बमोजिमको बाल कोष सञ्चालक समितिमा पेश गर्ने,

(ङ) समितिबाट तोकिए बमोजिम कार्य गर्ने तथा सम्पन्न भएका क्रियाकलापको अनुगमन गर्ने वा गराउने,

(च) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणको निम्ति बाल कोष सञ्चालक समितिसँग समन्वय गरी आवश्यक अन्य उपयुक्त कार्य गर्ने, गराउने ।

(३) वडास्तरीय बालकोषको सञ्चालन तथा व्यवस्थापन समितिको बैठक सम्बन्धी व्यवस्था समिति आफैंले निर्धारण गरे अनुरूप हुनेछ ।

५.६. बालकोष परिचालन सम्बन्धी विधी (मापदण्ड)

(१) गाउँपालिकाभित्र विशेष संरक्षणको आवश्यकता भएका सहयोग गर्नुपर्ने बालबालिकाको बारेमा थाहा पाउने जो कोहीले वडा बालअधिकार समिति वा वडास्तरीय बालकोष सञ्चालन तथा व्यवस्थापन समिति समक्ष निवेदन दिन वा मौखिक रुपमा जानकारी गराउन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपछि वडा बालअधिकार समिति वा नगर बालअधिकार समितिले आवश्यक सोधपुछ गरी यथार्थ विवरण पत्ता लगाउने छन् ।



राज समभक्त चौधरी
...पा. अध्यक्ष

(३) उपदफा (२) बमोजिमको प्रक्रिया पूरा गरेपछि विशेष संरक्षणको आवश्यकता भएको बालबालिकालाई सहयोग आवश्यक छ भन्ने देखिएमा वडा बालअधिकार समिति वा यस कार्यविधिको दफा ५३ बमोजिमको वडास्तरीय बालकोष सञ्चालन र व्यवस्थापन समितिमा जानकारी गराउनेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी प्राप्त भएमा वा सहयोगको सिफारिस भै आएमा वडास्तरीय बालकोषका संयोजकले आवश्यकता अनुसार तत्काल वडास्तरीय बालकोष सञ्चालन र व्यवस्थापन समितिको बैठक बोलाउन सक्नेछन्।

(५) उपदफा (४) बमोजिमको बैठकबाट बालबालिकालाई कुन किसिमको सहयोगको आवश्यकता हो र वडा स्तरीय बालकोषमा रहेको वजेटको उपलब्धताको अवस्थाको एकीन गरी खर्चको सीमाको आधारमा सहयोग गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिमको आवश्यकताका आधारमा वडा स्तरीय बालकोषबाट खर्च व्यवस्थापन गर्न नसक्ने भएमा गाउँस्तरीय बालकोष मार्फत सहयोगका लागि वडा स्तरीय बालकोष समितिले बालकोष सञ्चालक समितिमा सिफारिस गर्नुपर्नेछ।

(७) उपदफा (६) बमोजिम सिफारिस भई आएका बालबालिकालाई बालकोष सञ्चालक समितिले बालकोष परिचालन गरी सहयोग उपलब्ध गराउनुपर्नेछ।

स्पष्टीकरणः- नगरपालिकामा आएका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई स्थानीय बालकोष सञ्चालक समितिको निर्णयबाट नगरस्तरीय बालकोष परिचालन गरी सहयोग उपलब्ध गराउन सक्नेछ । तर त्यस्तो सहयोग र खर्च सिमितीबाट अनुमोदन गराउनुपर्नेछ ।

८. <u>बाल कोष रकमको खर्च सीमाः</u> (१) बाल कोषको रकम देहायको अवस्था र सीमाभित्र रही कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछः-

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि वार्षिक एक पटक अधिकतम रू.१० हजारसम्म,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी संरक्षण सहित मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च वापत सूचीकृत अस्थायी संरक्षण सेवा प्रदायक संस्थासँग कार्यसम्पादन सम्झौता गरी प्रति बालबालिका प्रति महिना मासिक बढीमा रू. ८ हजारसम्म साथै कानूनी सहायताको लागी जिल्ला कानूनी सहायता सिमितसग समेत सहयोग र समन्वय गरिनेछ ।

(ग) विशेष संरक्षणको आवश्यकता भएका र तत्काल सहयोगको आवश्यकता भएका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक सहयोग, स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षण वापत वार्षिक एक पटक अधिकतम प्रति बालबालिका रू. १० हजारसम्म,

(घ) अदालतले तोकेको क्षतिपूर्ति पीडकबाट प्राप्त गर्न सक्ने अवस्था नभएको खण्डमा अदालतको निर्णय वा आदेशानुसार तोकेको क्षतिपूर्ति रकम,



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

(ङ) गम्भीर प्रकृतिको रोग लागेका बालबालिकाको उपचारका लागि स्थानीय बालकोष सञ्चालक समितिको निर्णयले अधिक्तम रु. २५ हजारसम्म तर कमसे कम रकम खर्चको लागी सरकारी तथा निजी स्वास्थ्य सस्था क्लिनिक वा अस्पतालसग समन्वय र सहकार्य गरिनेछ ।

(२) सहयोग रकम नगद वा जिन्सीका रुपमा दिन सकिनेछ र नगद सहयोग गर्दा चेक मार्फत सहयोग रकम भुक्तानी गरिनेछ ।

(३) स्थानीय बालकोष वा वडास्तरीय बालकोषबाट सामान्यतः एक बालक वा बालिका वा उनको परिवारलाई एकपटक मात्र सहयोग गरिनेछ ।

तर, विशेष परिस्थितिमा भने समितिको निर्णयले आवश्यक सहयोग गर्न सकिनेछ । तर यस्तो सहयोग बढीमा २ पटक थप गर्न सकिनेछ ।

(४) वडास्तरीय बालकोषको सञ्चालन तथा व्यवस्थापन समितिले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि सहयोग रकम प्रदान गर्दा स्थानीय बालकोष सञ्चालक समितिसँग समन्वय गरी दोहोरो नपर्ने गरी प्रदान गर्नुपर्दछ ।

(५) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई तत्काल उद्दार, संरक्षण वा उपचार नगरेमा मानवीय क्षति वा गम्भीर परिणाम हुने देखिएमा र तत्काल स्थानीय बालकोष समिति वा वडस्तरीय बालकोष समितिको वैठक बस्न सम्भव नभएमा उपलब्ध समितिका सदस्यहरु मध्ये दुईजनासँग परामर्श गरी निजहरूको सिफारिसमा अध्यक्षले कोषबाट तत्काल सम्बन्धित बालबालिकाको निमित्त अधिकतम रु. १०,०००।- दश हजारसम्म सहयोग उपलब्ध गराउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम कोषबाट रकम उपलब्ध गराइएकोमा त्यसपछि लगत्तै बस्ने समितिको बैठकबाट सो खर्चको अनुमोदन गराउनुपर्नेछ ।

(७) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भएता पनि गम्भीर स्वास्थ्य समस्या भएका बालबालिकाको स्वास्थ्य उपचारको लागि अन्यत्रबाट व्यवस्थापन हुन नसक्ने देखिएमा र पारिवारिक आर्थिक पृष्ठभूमी कमजोर रहेको वा वेवारिसे बालबालिका रहेको पाइएमा तथा सहयोगबाट वञ्चित हुँदा बालबालिकाको जिवन नै जोखिममा पर्ने अवस्था रहेको देखिएमा स्थानीय बालकोष सञ्चालक समितिले बालबालिका उपचाररत रहेको सरकारी अस्पतालको कागजात र विल भरपाईको आधारमा सम्पूर्ण वास्तिविक खर्च नै उपलब्ध गराउन सक्नेछ ।

(८) स्थानीय बालकोष सञ्चालक समिति वा वडा स्तरीय बालकोष समितिले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, शैक्षिक प्रवन्ध, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलनका निमित्त आर्थिक सहयोग बाहेकका अन्य कार्यका निमित्त अलग्गै मापदण्ड बनाउन सक्नेछ ।



राज समझ चौधरी
गा.पा. अध्यक्ष

CamScanner

५९. खाताको सञ्चालनः-(१) स्थानीय बालकोष तथा वडास्तरीय बालकोषको रकम कोष तथा लेखा नियन्त्रण कार्यालयको विविध खाता अन्तर्गत कार्यक्रमिक खाता खोली जम्मा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

६०. कोषको लेखा र लेखा परीक्षणः- (१) स्थानीय बाल कोष तथा वडास्तरीय बालकोषको आयव्ययको लेखा गाउँपालिकाले अपनाएको प्रचलित कानून बमोजिम दुरुस्त राखिनेछ ।

६१. रकम फ्रिज नहुनेः- प्रचलित कानूनमा जेसुकै लेखिएको भएता पनि स्थानीय बाल कोष तथा वडास्तरीय बाल कोषको रकम आर्थिक वर्षको अन्त्यसम्म खर्च नभई बाँकी रहेमा बक्यौता रकम फ्रिज हुनेछैन ।

६२. प्रतिवेदन प्रकाशन गर्नुपर्नेः- (१) वडास्तरीय बालकोष सञ्चालन तथा व्यवस्थापन समितिले आफूले गरेको कामको प्रतिवेदन प्रत्येक ३/३ महिनामा स्थानीय बाल कोष सञ्चालक समिति समक्ष बुझाउनु पर्नेछ ।

(२) स्थानीय बाल कोष सञ्चालक समितिले आफूले गरेको कामको प्रतिवेदन अर्धवार्षिक रूपमा नगर कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदनहरुको आधारमा गाउँकार्यपालिकाले वार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ ।

६३. बालकोषको सचिवालयः- (१) स्थानीय बाल कोषको सचिवालय गाउँ कार्यपालिकाको समाज कल्याण महाशाखामा रहनेछ ।

(२) वडास्तरीय बालकोषको सचिवालय वडा कार्यालयमा रहनेछ ।

## परिच्छेद-९

## बालबालिकाको तथ्याङ्क र स्थिति प्रतिवेदन सम्बन्धी व्यवस्था

६४. बालबालिकाको खण्डिकृत तथ्याङ्क व्यवस्थापन गरिनेः (१) गाउँपालिकाले आफ्नो गाउँपालिका भित्र रहेका बाल अधिकार तथा बालबालिका सम्बन्धी विषयमा देहाय बमोजिमको खण्डिकृत सूचना संकलन तथा व्यवस्थापन गर्नेछः-

(क) बाल अधिकारको कार्यान्वयनका लागि कानूनी तथा नीतिगत व्यवस्थाहरुको सूचना संकलन

(ख) बाल अधिकार संरक्षण सम्बन्धी संयन्त्रहरुको सूचना



राज समझ चौधरी
गा.पा. अध्यक्ष

(ग) चालु आ.व.को बजेट बक्तव्यमा बालबालिकाको लागि भएको व्यवस्था सम्बन्धी विवरण

(घ) बालबालिकाको खण्डिकृत जनसांखिक विवरण

(ङ) बालबालिकाको नागरिक अधिकार र स्वतन्त्रता सम्बन्धी विवरण

(च) बालबालिका बिरूद्धको हिसा, दुर्व्यवहार सम्बन्धी विवरण

(छ) बालबालिकाको पारिवारिक संरक्षण सम्बन्धी विवरण

(ज) अपाङ्गता भएका बालबालिका सम्बन्धी विवरण

(झ) बाल स्वास्थ्य सम्बन्धी विवरण

(ञ) बालबालिकाको शिक्षा सम्बन्धी विवरण

(ट) विशेष संरक्षणको आवश्यकता भएका बालबालिका सम्बन्धी विवरण (ऐनको दफा ४८ बमोजिमका)

(ठ) वैकल्पिक स्याहारमा रहेका बालबालिकाको विवरण

(ड) स्थानीय तहमा रहेका बालगृह, पुनःस्थापना केन्द्र र अस्थायी संरक्षण सेवा केन्द्रहरु र आश्रित बालबालिकाको विवरण

(ढ) सडक बालबालिका सम्बन्धी विवरण

(ड) बालबालिका लक्षित लागु पदार्थ दुर्व्यसनी उपचार र पुनर्स्थापना केन्द्र तथा लाभान्वित बालबालिकाको विवरण

(ढ) बाल सुधार गृहमा रहेका बालबालिकाको विवरण

(ण) विपदबाट पीडित तथा प्रभावित बालबालिकाको विवरण

(२) उपदफा (१) बमोजिमको सूचना संकलन तथा व्यवस्थापनका लागि बाल कल्याण अधिकारीलाई जिम्मेवार बनाइनेछ ।

(३) उपदफा (१) बमोजिमको सूचना संकलन तथा व्यवस्थापनका लागि गाँउपालिकाको सम्बन्धित विषयगत शाखा तथा महाशाखा, नेपाल प्रहरी तथा परिषद् लगायतका सरोकारवालाहरुसँग समन्वय गरिनेछ ।

(४) उपदफा (१) बमोजिमको सूचना तथा तथ्याङ्क व्यवस्थित अभिलेखीकरणका लागि परिषद्ले निर्माण गरेको बाल अधिकार सूचना व्यवस्थापन प्रणाली (CPIMS) को प्रयोग गरिनेछ ।

(५) उपदफा (१) बमोजिमको तथ्याङ्कहरुको प्रत्येक आर्थिक वर्षको माघ मसान्तभित्र र असार मसान्तभित्र गरी दुई पटक अद्यावधिक गरिनेछ ।

(६) बालकल्याण अधिकारीले यस दफा बमोजिम संकलन गरिएको तथ्याङ्कहरुको एकिकृत प्रतिवेदन प्रत्येक आर्थिक वर्षको अन्त्यमा सथानीय बाल अधिकार समिति समक्ष पेश गर्नुपर्नेछ ।

६५. <u>बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी तथ्याङ्क व्यवस्थापन</u> (१) गाउँपालिकामा आएका बाल संरक्षण सम्बन्धी घटनाहरुको व्यवस्थापन सम्बन्धी सूचनाहरुको अभिलेखीकरण गरिनेछ ।



राज समझ चौधरी
गा.पा. अध्यक्ष

(२) उपदफा (१) बमोजिमका घटनाहरुको व्यवस्थापन प्रकृयालाई अनलाइन माध्यमबाट अभिलेखीकरण गर्नका लागि परिषद्ले निर्माण गरेको बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी सूचना प्रणाली (CPIMS) को प्रयोग गरिनेछ ।

(३) गाउँपालिकाका आएका बालसंरक्षण सम्बन्धी घटनाहरु बालकल्याण अधिकारीसमक्ष प्राप्त हुने वित्तिकै त्यस्ता बालबालिकाको घटना व्यवस्थापन प्रकृया सम्बन्धी देहाय बमोजिमका सूचनाहरुको अभिलेखीकरण गरिनेछः-

(क) बालबालिकाको व्यक्तिगत विवरण

(ख) बालबालिकाको पारिवारिक विवरण

(ग) घटना सम्बन्धी विवरण

(घ) बालबालिका तथा पारिवारिक लेखाजोखा सम्बन्धी विवरण

(ङ) बालबालिकालाई प्रदान गरिएको सेवा प्रवाह सम्बन्धी विवरण

(च) सहयोगका लागि सिफारिस गरिएका संयन्त्र तथा सेवाहरुको विवरण

(छ) समापन गरिएका घटनाहरुको विवरण

(४) उपदफा (३) बमोजिमको विवरणका आधारमा प्रतिवेदन तयार गरी बाल कल्याण अधिकारीले प्रत्येक आर्थिक वर्षको अन्त्यमा स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नुपर्नेछ ।

६६. <u>बालबालिका सम्बन्धी स्थानीय स्थिति प्रतिवेदन प्रकाशन</u> - (१) दफा ६५ तथा दफा ६६ बमोजिम स्थानीय बाल अधिकार समितिमा प्राप्त तथ्याङ्कहरुको आधारमा स्थानीय बाल अधिकार समितिले गाउँपालिकामा बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी स्थानीय प्रतिवेदन प्रकासन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्रमा प्रकासन गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन प्रकासन गर्नुपूर्व कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ ।

६७. <u>बालबालिकाको जोखिमता मूल्याङ्कन</u> (१) स्थानीय तहभित्रका बालबालिकाको विस्तृत अवस्था लेखाजोखा गरी जोखिममा रहेका बालबालिकाको पहिचानका लागि प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्रमा बालबलिकाको जोखिमता लेखाजोखा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखाजोखाका लागि स्थानीय बाल अधिकार समितिले वडा बाल अधिकार समिति वा स्थानीय बालक्लब तथा सञ्जाल वा किशोरीक्लब तथा सञ्जाल वा सूचीकृत समाजसेवी वा बाल मनोविज्ञलाइ परिचालन गर्न सक्नेछ ।

(३) गाउँपालिकाले जोखिमता मूल्याङ्कनका लागि परिषद्ले नर्धारण गरेको बालबालिकाको जोखिमता मूल्याङ्कनको सूचक तथा मार्गदर्शन बमोजिम गाँउपालिका भित्रका गम्भीर जोखिम, उच्च जोखिम, मधयम जोखिम वा न्यून जोखिममा रहेका बालबालिकाको पहिचान गरिनेछ ।



राज समझ चौधरी
गा.पा. अध्यक्ष

(४) उपदफा (३) बमोजिम पहिचान भएका गम्भीर तथा उच्च जोखिममा रहेका बालबलिकालाइ बाल संरक्षण घटना व्यवस्थापन प्रकृया बमोजिम सेवा प्रदान गरिनेछ र अन्य तहका जोखिममा रहेका बालबलिकाको समेत आवश्यक निगरानी एवम् अनुगमन गरिनेछ ।

## परिच्छेद-१०

## विविध

६८. <u>बाल संरक्षण सम्बन्धी मापदण्ड -</u> (१) ऐनको दफा ५७ अनुसारको बाल संरक्षण मापदण्ड गाँउपालिका र प्रत्येक वडामा लागू गरिनेछ ।

(२) गाउँपालिका भित्रका प्रत्येक विद्यालय, बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने निजी क्षेत्र, सार्वजनिक निकाय एवम् सामाजिक संस्थामा अनिवार्य रुपमा संस्थागत तहमा बाल संरक्षण मापदण्ड लागू गर्न सहजीकरण गरिनेछ ।

६९. <u>खारेजी र बचाउः-</u> (१) वालसरक्षण सम्बन्धमा यस अघि भए गरेका काम कारवाही यसै कार्यविधीको अभिन्न अग मानिने छ ।

७०. <u>व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने</u> कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिका र सभालाई हुनेछ।

७१. <u>संशोधन गर्न सक्नेः</u> यस कार्यविधिलाई गाउँसभाले आवश्यक परेमा जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ।

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची-१
दफा १४ को उपदफा (१) सँग सम्बन्धित
बालक्लब वा संस्था दर्ताको निवेदन ढाँचा

मिति............

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
कैलारी गाउँपालिका हसुलिया
कैलाली

विषयः- वाल समूह/वाल क्लव आवद्ध गरि पाउं।

उपरोक्त सम्बन्धमा वडा नं........स्थित ................वाल समूह/मचा पुचः/वाल क्लवलाई यस कैलाली गाउँपालिकामा आवद्ध गराईदिनु हुन अनुरोध गर्दछु। वाल भेला तथा टोल भेलाको निर्णय प्रतिलिपी र वालबालिकाहरुको विवरण यसै पत्रसाथ संलग्न गरिएको छु।

....................
नाम
पद
वाल समूहको नामः

संलग्नः

**बाल समूह आबद्धता गर्न आवश्यक कागजात**

- वाल समूहको निवेदन
- पहिलो भेलाको निर्णयको माइन्युटको प्रतितिलिपी
- सदस्यहरुको विवरण फाराम

**बाल समूह विवरण**

| सि.नं. | पदाधिकारी तथा सदस्यहरुको नाम | पद | केटा | केटी | उमेर | अन्य | शिक्षा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा | | | | | | | |

राज समझ चौधरी
गा.पा. अध्यक्ष

अनुसूची-२
दफा १४ को उपदफा (२) सँग सम्बन्धित
बालक्लब वा संस्था दर्ता प्रमाणपत्रको ढाँचा

कैलारी गाउँपालिका कार्यालय
समाज कल्याण महाशाखा, सामुदायिक विकास शाखा
........., हसुलिया कैलाली।

**आवद्धता प्रमाण पत्र**

यस गाउँपालिकाको वडा नं............मा संचालन भएको त्यस बाल समूह/मचा पुचः/बाल क्लबले दिएको निवेदनको आधारमा बालअधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी एकिकृत कार्यविधि, ........अनुसार त्यससमूहलाई मिति ....................देखि ......... गाउँपालिकामा आवद्ध गरी संचालन गर्न अनुमति प्रदान गरिएको छ।

| | | |
|---|---|---|
| ..................... | ..................... | ................................ |
| बाल कल्याण अधिकारी/बालबालिका फोकल पर्सन | प्रमुख<br>समाज कल्याण महाशाखा | प्रमुख प्रशासकीय अधिकृत<br>......... गाउँपालिका कार्यालय |

मिति:.................

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

अनुसूची-३

दफा २३ को उपदफा (२) सँग सम्बन्धित

व्यक्ति वा परिवारले गाउँपालिकामा सूचीकृत हुनका लागि दिने निवेदनको ढाँचा

मिति: २०../...../......

श्री गाउँ अधिकार समिति,
कैलारी गाउँपालिका।
कैलाली ............. ।

विषय:- वैकल्पिक स्याहारका लागि सूचीकरण गरिदिने बारे ।

उपर्युक्त सम्बन्धमा तहाँ पालिकाको मिति २०../ ../ .. गतेको सूचना तथा बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी एकिकृत कार्यविधि, २०८२ बमोजिम तहाँ स्थानीय तहबाट उद्धार गरी वैकल्पिक स्याहारकका लागि सिफारिस गरिएका बालबालिकालाई वैकल्पिक स्याहार सेवा उपलब्ध गराउन..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... ..... स्थायी ठेगाना भएको..... ..... ..... ..... ..... को नाती/नातिनी ..... ..... ..... ..... को छोरा/छोरी वर्ष........ को म ..... ..... ..... ..... ..... इच्छुक भएको हुँदा देहाय बमोजिमका कागजातको प्रतिलिपि संलग्न गरी सूचीकरणका लागि आवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

निवेदकको
दस्तखत:
नाम:
फोन नः

<u>निवेदनसँगै संलग्न कागजातहरु</u>

- नागरिकताको प्रमाणीत प्रतिलिपी
- पारिवारिक सदस्यहरुको विवरण
- घर तथा जग्गा-जमिन सम्बन्धी विवरण
- वार्षिक आम्दानी, खर्च र बचतको विवरण
- आम्दानीको स्रोत
- घरेलु हिंसा, बालबालिका विरुद्धको कसूर तथा नैतिक पतनदेखिने फौजदारी अभियोगमा अदालतबाट दोषी नठहरिएको स्व-घोषणापत्र
- शारीरिक र मानसिक समस्या नभएको, दीर्घकालीन उपचार गर्नुपर्ने वा सरुवा रोगबाट संङ्क्रमित नभएको र लागू पदार्थ दुर्व्यशन वा अन्य कूलतमा नलागेको खुलेको मान्यताप्राप्त चिकित्सकबाट सिफारिसपत्र



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची-३ (क)

दफा २३ को उपदफा (३) सँग सम्बन्धित

अस्थायी संरक्षण सेवा वा बालगृह वा पुनःस्थापना केन्द्रले सूचीकृत हुनका लागि दिने निवेदनको ढाँचा

मितिः २०../...../......

श्री गाउँ अधिकार समिति,
कैलारी गाउँपालिका।
कैलाली ।

विषयः- वैकल्पिक हेरचाह/अस्थायी संरक्षण सेवा प्रबन्धका लागि सूचीकरण गरिदिने बारे ।

उपर्युक्त सम्बन्धमा तहाँ पालिकाको मिति २०../ ../ .. गतेको सूचना तथा बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी एकीकृत कार्यविधि, .. बमोजिम तहाँ स्थानीय तहबाट उद्धार गरी वैकल्पिक स्याहार/अस्थायी संरक्षणका लागि सिफारिस गरिएका बालबालिकालाई संरक्षण सेवाहरू उपलब्ध गराउन यस .... .... .... .... .... .... संस्था वैकल्पिक हेरचाह /अस्थायी संरक्षण सेवा प्रदान गर्न इच्छुक भएको हुँदा देहाय बमोजिमका कागजातको प्रतिलिपि संलग्न गरी सूचीकरणका लागि आवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

निवेदकको
संस्थाको अध्यक्षको दस्तखतः
संस्थाको अध्यक्ष/प्रमुखको नाम र पदः

निवेदनसँगै संलग्न कागजातहरु

(क) सूचीकृत हुनका लागि निवेदन
(ख) संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्र
(ग) परिषदबाट जारी भएको सञ्चालन अनुमतिपत्र र नवीकरणको प्रमाण
(घ) पुनःस्थापना केन्द्रको हकमा नेपाल सरकारको निर्णयले परिषदबाट जारी भएको सञ्चालन अनुमतिपत्र र नवीकरण
(ङ) संस्थाको बालबालिका संरक्षण गर्न सक्ने क्षमता र हाल संरक्षणमा रहेका बालबालिकाको विवरण
(च) अस्थायी संरक्षणको विशिष्टिकृत क्षमताको जानकारी



राज समझ चौधरी
गा.पा. अध्यक्ष

अनुसूची-४

दफा २४ को उपदफा (३) सँग सम्बन्धित

स्थानीय तहमा सूचीकृत भएको पत्रको ढाँचा

(क) वैकल्पिक हेरचाहको लागि व्यक्ति वा परिवार सूचीकृत गरिएको प्रमाण-पत्रको ढाँचा

कैलाली गाउँपालिका

गाउँ बाल अधिकार समिति

कैलाली

मितिः.... .... .... ....

वैकल्पिक हेरचाहको लागि व्यक्ति वा परिवार सूचीकृत गरिएको प्रमाण-पत्र

बागमती प्रदेश ............. जिल्ला ............. गाउँ पालिका वडा नं. ............ टोल............ स्थायी ठेगाना रही हाल ऐऐ/............प्रदेश...............जिल्ला ............... गाँउ/नगर/उपनगर/नगर पालिका वडा नं. ............ टोल............ बस्ने ..... ..... ..... ..... ..... को नाती/नातिनी ..... ..... ..... ..... को छोरा/छोरी वर्ष ........ को श्री ........... लाई वैकल्पिक हेरचाहको हेरचाहको आवश्यकता भएका बालबालिका मध्ये परिवार वा व्यक्तिको संरक्षणमा संरक्षण व्यवस्थापन गर्न सकिने बालबालिकालाई व्यक्तिगत/पारिवारिक संरक्षणमा वैकल्पिक हेरचाहको व्यवस्थापनका गर्नको लागि बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी एकीकृत कार्यविधि,...... बमोजिम यो सूचीकरण प्रमाण-पत्र प्रदान गरिएको छ ।

दस्तखतः

नामः

पदः

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

कैलारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

(ख) अस्थायी संरक्षण/पुनःस्थापना केन्द्र/परिवारमा आधारित संस्था वा बालगृह सूचीकृत गरिएको

## प्रमाण-पत्रको ढाँचा

कैलारी गाउँपालिका
गाउँ बाल अधिकार समिति
कैलारी

मितिः.... .... .... ....

अस्थायी संरक्षण/पुनःस्थापना केन्द्र/परिवारमा आधारित संस्था वा बालगृह सूचीकृत गरिएको प्रमाण-पत्र

सुदूरपश्चिम प्रदेश ...... जिल्ला ............. पालिका वडा नं. ........... टोल............ स्थित कार्यालय रहेको श्री .......... संस्थालाई देहायको संरक्षण सेवाका लागि बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी एकीकृत कार्यविधि,...... बमोजिम सूचीकरण गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

संरक्षण सेवाको प्रकारः

१. अस्थायी संरक्षण सेवा

(क) लागू पदार्थ दुर्व्यसनी उपचार सहित सडक बालबालिकालाई अस्थायी संरक्षण सेवा

(ख) बालबालिका विरुद्धको यौनहिंसा तथा दुर्व्यवहारबाट पीडित र प्रभावित बालबालिकालाई अस्थायी संरक्षण सेवा

(ग) वेवारिसे फेला परेका बालबालिकाको अस्थायी संरक्षण सेवा

(घ) जोखिमपूर्ण श्रममा संलग्न रहेका बालबालिकाको उद्धार पछिको अस्थायी संरक्षण सेवा

(ङ) बाह्य देशबाट उद्धार गरिएका, वेचविखन तथा ओसारपारमा परेका बालबालिकालाई उद्धार पछिको अस्थायी संरक्षण सेवा

(च) मापदण्ड विपरित सञ्चालनमा रहेका वैकल्पिक स्याहारबाट उद्धार गरिएका बालबालिकाको पुनःस्थापना नभएसम्मका लागि अस्थायी संरक्षण सेवा

२. परिवारमा आधारित हेरचाह गर्ने संस्थाः

३. बाल गृहः

४. पुनःस्थापना केन्द्र

दस्तखतः

नामः

पदः

राज समझ चौधरी
गा.पा. अध्यक्ष



CamScanner

अनुसूची-५
दफा ३१ को उपदफा (५) सँग सम्बन्धित
बाल संरक्षण सेवा अनुगमन प्रतिवेदनको ढाँचा

१. पृष्ठभूमि:

अनुगमन टोली:

अनुगमनको उद्धेश्य:

अनुगमनको विधि, प्रक्रिया:

अनुगमन गरिएका संरक्षण सेवाको विवरण:

| क्र.स. | संरक्षण सेवा प्रदायकको नाम | ठेगाना | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| | | जम्मा | | | |

२. अनुगमनको सारांस

(क) दर्ता सम्बन्धमा (संस्था अनुगमनको हकमा)
(ख) लेखा परिक्षण सम्बन्धमा (संस्था अनुगमनको हकमा)
(ग) संस्था सञ्चालन गर्ने उद्धेश्य सम्बन्धमा(संस्था अनुगमनको हकमा)
(घ) बालबालिकाको संख्या तथा अभिभावकको अवस्था सम्बन्धमा:
(ङ) बालबालिका संरक्षणमा रहेको भौतिक पूर्वाधार सम्बन्धमा:
(च) बालबालिकाको हेरचाह गर्ने व्यक्ति वा परिवारको सम्बन्धमा:
(छ) आर्थिक स्रोतका सम्बन्धमा:
(ज) अध्ययनरत विद्यालयका सम्बन्धमा:
(झ) बालबालिकाको स्वास्थ्य अवस्था सम्बन्धमा
(ञ) बालबालिकाको पारिवारिक सम्बन्ध र व्यवहार सम्बन्धमा



राज समक्ष चौधरी

३. संस्थागत अनुगमनको हकमा खुलाउनुपर्ने विषयहरु)

(क) संस्थाको नाम, ठेगाना र विवरण

(ख) संस्थाको कानूनी हैसियत र लेखापरीक्षणको अवस्था

(ग) संस्थाको भौतिक पूर्वाधारको अवस्था र सेवा सुविधा

(घ) संस्थामा बालबालिकाको संख्या भर्ना प्रक्रिया, सिफारिस, शिक्षा, स्वास्थ्य तथा संरक्षणको अवस्था

- स्थायी ठेगाना सम्बन्धमा:
- सिफारिस सम्बन्धमा:
- उमेर सम्बन्धमा:
- विद्यालय सम्बन्धमा:

(ङ) कर्मचारी, मानव संशाधन तथा नीति सम्बन्धी

(च) आर्थिक स्रोत:

(४) निश्कर्ष:

५. सुधारका लागि विगतमा दिइएको निर्देशन तथा सुझावहरु र कार्यान्वयनको अवस्था

| क्र.स. | विगतको अनुगमन मिति | दिइएका निर्देशन तथा सुझावहरु | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

६. हालको अनुगमनबाट दिइएका सुझाव तथा निर्देशन:

(क) बालबालिकाको संरक्षण सेवा सम्बन्धमा

(ख) भौतिक पूर्वाधार, आर्थिक व्यवस्थापन, अभिलेखीकरण, सांस्कृतिक अधिकार सम्बन्धी मापदण्डको अवस्था

७. स्थानीय बाल अधिकार समितिका लागि सिफारिसहरु

अनुगमनकर्ताको दस्तखत १:-
२:-
३:-

राज समफ चौधरी
गा.पा. अध्यक्ष

अनुसूची-६

दफा ४१ को उपदफा (२) सँग सम्बन्धित

अनुगमन चेकलिस्ट

| | | | |
|---|---|---|---|
| संस्थाको नामः- भवन(सार्वजनिक/आफ्नै/भाडामा/कच्ची/पक्की) | | | |
| ठेगानाः- ..............प्रदेश, ..................जिल्ला, ........................गा.प......वडा,...................टोल | | | |
| अध्यक्षको नामः- सम्पर्क नम्बरः- कार्यालयको फोन नं.- | | | |
| सम्पर्क व्यक्तिको नामः- सम्पर्क नम्बरः- | | | |
| दर्ता नं. ...................................... निकायः ...........................................................दर्ता मिति ............................. | | | |
| समाज कल्याण परिषद्को आवद्धता नं.-.............................................................दर्ता मिति ................................................ | | | |
| संरक्षित बालकः- बालिकाः- लैङ्गिक तथा यौनिक अल्पसंख्यक- जम्माः- | | | |
| कर्मचारीको संख्याः- महिला .........जना, पुरूष ............जना, जम्मा.................... जना | | | |
| विद्यालय/कलेजको नामः- (सामुदायिक तथा संस्थागत) | | | |
| मापदण्डका विषयहरु | मूल्याङ्कन सूचीका बुँदाहरू | छ | छैन |
| १. कानूनी हैसियत तथा सञ्चालन गर्ने आधार (जम्मा भारः १०) | संस्था नवीकरण गरिएको (१) | | |
| | भरपर्दो र विश्वसनीय आर्थिक श्रोत सुनिश्चितता (नगद बैंक मौज्दात, विदेशी सहयोग प्रतिबद्धता पत्र र आयश्रोत खुल्ने कागजात) (५) | | |
| | लेखापरीक्षण गरिएको (१) | | |
| | विधानको उद्देश्यमा बालगृह/पुनःस्थापना केन्द्र सञ्चालन सम्बन्धी बुँदा स्पष्ट रुपमा उल्लेख | | |



राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | भएको(२) | | |
| | साईनवोर्ड राखिएको (१) | | |
| | अस्थायी संरक्षण/पुनःस्थापना केन्द्र/बालगृह सञ्चालन अनुमति लिएको | | |
| २. बालबालिकाको भर्ना प्रक्रिया (जम्मा भारः १४) | व्यक्तिगत विवरण (शैक्षिक, स्वास्थ्य र व्यक्तिगत प्रगति विवरण सहितको फाइल तथा फारमलाई पूर्ण रुपमा भरेको हुनुपर्ने) राखिएको (४) | | |
| | सिफारिस (नगरपालिका/गाँउपालिका/प्रहरी/बालबालिका खोजतलास समन्वय केन्द्र आदिको पत्रहरु) (४) | | |
| | विशेष संरक्षणको आवश्यकता भएका बालबालिका (३) | | |
| | जन्मदर्ता गरिएको (प्रमाण पत्र राखिएको) (२) | | |
| | मृत्युदर्ता (आमाबुबाको) प्रमाण पत्र रहेको (१) | | |
| ३. भौतिक पूर्वाधार र बालबालिकालाई उपलब्ध गराउने सुविधा (जम्मा भारः २८) | बालबालिकाको लागि सुरक्षित बालमैत्री भवन (बालक र बालिकाको लागि अलग्गै भवन वा फ्ल्याट वा खण्ड) (४) | | |
| | खेलमैदान, खेलकुदको व्यवस्था, अतिरिक्त क्रियाकलापको योजना र सेवाको उपलब्धता (२) | | |
| | कम्पाउण्डको व्यवस्था (२) | | |
| | बालमैत्री/अपाङ्गमैत्री शौचालय (बालक र बालिकाको लागि अलग्गै) (२) | | |
| | शुद्ध पानी र पोषणयुक्त खानाको उपलब्धता (साप्ताहिक भोजन तालिका(५) | | |
| | सफा भान्सा/भोजन र भण्डार कक्षको व्यवस्था (२) | | |
| | कार्यालय कक्ष/भेटघाट कक्ष (2) | | |

| | | | |
|---|---|---|---|
| | अध्ययन कक्ष/मनोरञ्जन कक्ष/पुस्तकालय (१) | | |
| | सफा प्राथमिक उपचार तथा सामाग्री/मनोबिमर्श कोठा (2) | | |
| | औपचारिक तथा अनौपचारिक शिक्षाको व्यवस्था (विद्यालय, किताब कापी, स्टेशनरी, अतिरिक्त शिक्षक, विद्यालयमा सुरक्षित आवतजावतको व्यवस्था)(४) | | |
| | सरसफाई र फोहोरमैला व्यवस्थापन (२) | | |
| ४. बाल संरक्षण र सहभागिता (जम्मा भार: २२) | बाल संरक्षण मापदण्ड, आचारसंहिता तयार गरी लागू भएको (३) | | |
| | विशेष अवस्थाका बालबालिकाको व्यक्तिगत अस्तित्व मर्यादा र गोपनियताको संरक्षणको व्यवस्था (दुव्यर्वहारजन्य पीडित बालबालिकाको)(१) | | |
| | बालबालिकाको गुनासो/उजुरी/सुझाव पेटिका तथा विषयमा सुनुवाई संयन्त्र(१) | | |
| | टेलिभिजन, ईन्टरनेट तथा सामाजिक सञ्जालमा बालबालिकाको पहूँच, निगरानी र सुरक्षाको सुनिश्चितता (२) | | |
| | बालबालिकाको धार्मिक स्वतन्त्रताको संरक्षण र सहभागिताको सुनिश्चितता(३) | | |
| | बालबालिकालाई लिङ्ग, जाति, सम्प्रदाय, वर्ण, धर्म, शारीरिक अवस्था, रोगव्याधि आदिका आधारमा भेदभाव नहुने सुनिश्चितता (२) | | |
| | मदिरा, सूर्तिजन्य पदार्थ र लागूपदार्थको प्रयोग नहुने सुनिश्चितता (१) | | |

राज समफ चौधरी
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | बालबालिकाको फोटो, भिडियो आदिको दुरुपयोग नहुने सुनिश्चिता गरिएको(१) | | |
| | बालबालिका संरक्षणको स्याहार योजना बनाई कार्यान्वयन गरिएको (२) | | |
| | आकस्मिक/नियमित स्वास्थ्य उपचारको उपलव्धता र स्वास्थ्य विमा गरिएको (२) | | |
| | मनोसामाजिक हेरचाह र परामर्शको व्यवस्था (२) | | |
| | बालक्लबको स्थापना गरी बाल सहभागितालाई प्रवर्धन गरिएको (२) | | |
| ५. न्यूनतम शर्त, व्यवस्थापन तथा मानव संसाधन (जम्मा भार: १५) | कर्मचारी, पदाधिकारी र स्वयम् सेवकको योग्यता, आचरण, बालअधिकार संरक्षण सम्मत भएको सुनिश्चितता (२) | | |
| | हेरचाहकर्ता र प्रशासनिक कर्मचारीहरुको पर्याप्तता (३) | | |
| | तालीम प्राप्त कर्मचारी भएको सुनिश्चितता (३) | | |
| | कर्मचारीको नियमित, आकस्मिक अनुगमन तथा सुपरीवेक्षणको व्यवस्था (१) | | |
| | बिदेशी रकम सहयोग लिंदा समाज कल्याण परिषद् बाट कार्यक्रम स्वीकृतिको पत्र लिइएको (३) | | |
| | संस्थाले नगद वा जिन्सी लिँदा अनुमति लिएको र सोको जानकारी(स.क.प., जि.प्र.का./रा.ब.अ.प./प्रदेश बा.अ.स. र स्थानीय बा.अ.स.) गराउने गरिएको (३) | | |
| ६. विदाइ पुनर्मिलन/ | विदाई पुनर्मिलन योजना बनाई कार्यान्वयन गरिएको (२) | | |

राज समभ्रु चौधरी
गा.पा. अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल



CamScanner

| | | | |
|---|---|---|---|
| पुनर्एकीकरण (जम्मा भारः ६) | बालबालिकाको विदाई पश्चात् ५ वर्षसम्म बालबालिकाको विवरण तथा सूचनाहरु सुरक्षित राख्ने व्यवस्था मिलाएको (२) | | |
| | पुनर्मिलन,पुनर्एकीकरण पश्चात् अनुगमन, सहयोग तथा पारिवारिक परामर्श(२) | | |
| ७. गते अनुगमनको कार्यान्वयनको अवस्था(भारः ५) | अघिल्लो पटक अनुगमन गर्दा दिएको सुझाव/निर्देशन कार्यान्वयनको भएको(३) | | |
| | बालगृह सञ्चालक/कर्मचारीको बालमैत्री (बोली,व्यवहार,आचरण) व्यवहार(२) | | |
| जम्मा | | | |

संस्थाको छापः

। संस्थाको तर्फबाट सूचना तथा जानकारी उपलब्ध गराउने व्यक्तिको विवरणः

नामः पदः सम्पर्क नः

अनुगमनकर्ताको नामः

१
२
३
४

अनुगमन गरिएको मितिः

राज समझ चौधरी
गा.पा. अध्यक्ष

गौरी गंगा नगरपालिका ... कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल



CamScanner

गाउँ कार्यपालिकाको कार्यालय
हसुलिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची-७

### दफा ४६ को उपदफा (१) र (५) सँग सम्बन्धित

### प्रारम्भिक बाल विकास केन्द्र तथा शिशु स्याहार केन्द्रको दरबन्दी तथा योग्यता

| क्र.स. | पद | उमेर | न्युनतम शैक्षिक योग्यता | उमेर | अनुभव | अनुपात | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ४ | | | | | | | |
| ५. | | | | | | | |

राज समक्ष चौधरी
गा.पा. अध्यक्ष

******